का.जि.प्र.का.द.नं. १००/०५९/६०
२४ मंसिर २०८२
बुधबार
10 December 2025
Wednesday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

वर्ष २३, अंक ३०० । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

दुई दशक बित्यो, रहस्यमै गौर नरसंहार

# सर्वोच्चले नै भन्यो प्रहरी 'निद्रामग्न' छ

> कुनै अपराधका सम्बन्धमा जाहेरी परेपछि यथाशीघ्र तहकिकात गरी सबुत-प्रमाण संकलन गर्नुपर्ने व्यवस्था छ । तहकिकातपछि मुद्दा चलाउन प्रमाण नपुगे मुद्दा नचलाउने निर्णय गर्न सकिने एउटा अवस्था हो । तर जाहेरी परिसकेपछि अनुसन्धान गर्दै नगरी निद्रामग्न अवस्थामा रहने छुट कानुनले दिएको देखिँदैन ।
>
> **■ पूर्णपाठको अंश, सर्वोच्च अदालत**



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २३ मंसिर

२८ जनाको मृत्यु हुने गरी रौतहटको गौरस्थित राइस मिलमा भएको हत्याकाण्ड भएको दुई दशक बित्न लाग्यो । तर उक्त घटनामा के भएको हो र को दोषी छन् भन्ने विषय अझैसम्म रहस्यमै छ । पीडितहरू न्यायको पर्खाइमै छन् ।

यति गम्भीर विषयमा नेपाल प्रहरीले किन अनुसन्धान गरेन ? यो प्रश्न आम रूपमा त छँदै छ । सर्वोच्च अदालतले समेत प्रहरीको मौनतामा प्रश्न उठाएर फैसला लेख्न थालेको छ ।

२०६३ साल चैत ७ गते तत्कालीन मधेशी जनाधिकार फोरम र तत्कालीन नेकपा माओवादीले एउटै स्थानमा छुट्टै मार्च बनाएर सभा गर्न लागेका थिए । त्यसक्रममा दुई पक्षबीच झडप २७ जना माओवादी कार्यकर्ताको घटनास्थलमै र एक जनाको उपचार क्रममा मृत्यु भएको थियो ।

राष्ट्रिय मानवअधिकार आयोगको प्रतिवेदनअनुसार गौर घटनामा मारिएका सबैलाई फोरमले लखेटीलखेटी मारिएको थियो । सो घटनामा १ सय १५ जना घाइते भएका थिए ।

> गौर हत्याकाण्डको अनुसन्धान प्रक्रिया अघि बढाउन जारी गरेको परमादेशअनुसार अनुसन्धान नभएपछि सर्वोच्च अदालतले नेपाल प्रहरीकै भूमिकामाथि प्रश्न उठाएको हो । प्रश्नसँगै सर्वोच्चले प्रहरीले कुनकुन कानुनको प्रयोग र के कस्तो व्यवहार गर्न सक्छ भनेर स्मरणसमेत गराएको छ ।

मानवअधिकार आयोगले यो घटनाबारे बेलाबेला सरकारको ध्यानाकर्षणसमेत गराउँदै आएको छ । तर दिनदहाडै २८ जनाको मृत्यु भएको यो घटनामाथि अहिलेसम्म अनुसन्धान हुन सकेको छैन । यति ठुलो घटनाउपर अनुसन्धान नहुँदा राज्यप्रणालीप्रति जनतामा विश्वास नरहन सक्ने भन्दै त्रिभुवन साहले २०८० साल जेठ १० गते जिल्ला प्रहरी कार्यालय रौतहटमा जाहेरी दिए । जाहेरी दर्ता भए-नभएको सूचना नपाएपछि फेरि २०८० जेठ १७ गते हुलाकमार्फत जाहेरी दिए। पृष्ठ २ मा

# अस्पतालमा रविलक्ष्मी, देश दौडाहामा झलनाथ

**जानकी पाठक**
काठमाडौं, २३ मंसिर



जेनजी आन्दोलनका क्रममा अराजक समूहको आगलागीमा परेर गम्भीर घाइते प्राध्यापक रविलक्ष्मी चित्रकार अझै अस्पतालमै छिन् । भारतको अपोलो अस्पतालको आइसियुबाट जनरल वार्डमा सारिए पनि डिस्चार्ज कहिले हुने टुंगो छैन । यता उनका श्रीमान् पूर्वप्रधानमन्त्री झलनाथ खनाल भने यहीबेला राजनीतिक दौडधुपमा छन् । माओवादी केन्द्र, एकीकृत समाजवादीलगायत दलहरू मिलेर बनेको नेपाली कम्युनिस्ट पार्टीको एकता सन्देश सभामा कुँदिरहेका छन् । उनी आफैं ७६ वर्षका छन् । मिर्गौला प्रत्यारोपण गरिएकाले खनाललाई पनि नियमित हेरचाह चाहिन्छ । कहिले अस्पताल त कहिले बैठक भेलामा धाइरहेका खनालले मध्यान्हसँग भने, 'अहिले त धेरै सुधार भइसकेको छ । अहिले उनी हाँस्न, बोल्न मात्र होइन, परिआए लेक्चर दिन सक्ने अवस्थामा पुगिसकिन् ।'

जलेर पिठ्युँ, घुँडा र कुर्कुच्चामा लागेका ठुला घाउ निको भएर सबै रिपोर्ट राम्रो हुँदा एक/डेढ साताभित्र उनलाई डिस्चार्ज गर्ने तयारी अस्पतालले गरेको छ । 'घाउ निको हुनेक्रम जारी छ । जलेको घाउ निको हुन समय लाग्ने रहेछ, एक डेढ हप्ताभित्र घाउ ठिक हुन्छ, त्यसपछि नेपाल ल्याउन सकिन्छ । यहाँ ल्याएपछि पनि डाक्टरकै निगरानीमा उपचार गर्नुपर्ने हुन्छ,' उनले भने ।

भदौ २३ को जेनजी आन्दोलनमा १९ युवाको ज्यान गएपछि भड्किएको हिंसाका क्रममा भदौ २४ गते रविलक्ष्मी घरबाट निस्कन नपाउँदै बाहिरबाट आगो लगाइएको थियो । डल्लुस्थित घरमा धुँवाले भरिएको बार्दलीबाट छोरा निर्भीकले सडकबाट आगो झोसिरहेको समूहलाई भनिरहेका थिए, 'ममी घरभित्र हुनुहुन्छ, प्लिज ।' सडकको भिडले निर्भीकलाई बार्दलीबाट छिटो तल झर्न भनिरहेका थिए । बार्दलीबाट मागेको गुहार काम लागेन । रविलक्ष्मी आगोमा परिन् ।

त्यो दिन भिड पुरै अनियन्त्रित भएर देशका धेरैजसो प्रशासनिक संरचना ध्वस्त बनाउन हिँडेको थियो । नेतादेखि मन्त्री, प्रधानमन्त्रीलगायत व्यापारिक घरानाका घरसम्म आगो झोस्दै हिडेको थियो । त्यसको मारमा पूर्वप्रधानमन्त्री खनालपत्नी रविलक्ष्मी परेकी थिइन् । पृष्ठ २ मा


## UAE को अर्ध सरकारी कम्पनीमा खान बस्न फ्रि सहित FREE VISA, FREE TICKET मा रोजगारको अवसर

कम्पनी: CAPITAL CATERING AND SERVICES - SOLE PROPRIETORSHIP L.L.C
शहर: UAE
पूर्व स्वीकृत मितिः २०८१/१०/१३ | चलानी नं.: ६०२३१९७९ | LT. No.: 317681 | पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Catering Assistant | 23 | 0 | सम्बन्धित काममा दक्ष | 1092 | ४०,५१७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cleaner General | 63 | 17 | | 930 | ३४,८४७ | | | | | | | |
| 3. | Steward | 15 | 10 | | 930 | ३४,८४७ | | | | | | | |
| 4. | Store Assistant | 5 | 0 | | 1092 | ४०,५१७ | | | | | | | |

Dress Code: Formal Dress Required Docs in color: CV with Photo Education Certificate Experience Certificate Original Passport

नोट : यसै कम्पनीको लागि Baker, Bartender, Butcher, CDP/DCDP, Commis (I, II, III), Driver Heavy & Light (Dubai License Only), Senior Waitstaff, Waiter/Waitress को पनि माग भई आएको हुँदा इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।

प्रि-अन्तर्वार्ता मेनपावर कार्यालयमा धमाधम भइरहेको छ ।
फाइनल अन्तर्वार्ता होटल आनन्द, तिलगंगा, काठमाडौंमा मिति २०८२ पुष २ गते (17 December 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाताले तिर्ने | रोजगारदाताले तिर्ने | रोजगारदाताले तिर्ने | रोजगारदाताले तिर्ने | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**THINK BIZ INTERNATIONAL PVT. LTD.**
ThinkBiz Govt. Lic. No. 1608/079/080
Subhidhanagar Marg, Tinkune, Kathmandu, Nepal
cv@thinkbiz.com.np 01- 5914635, 9761817919, 9761817920, 9761817921




# रविबारे सरकारको जवाफ पर्खंदै रास्वपा



> चौथो ठुलो दलको सभापतिलाई थुनामा राखेर सरकार अघि बढ्दैन होला भन्नेमा हामी सकारात्मक छौं । रास्वपा पहिलेदेखि नै चुनावका पक्षमा भए पनि सरकारले चुनाव गराउने वातावरण कस्तो बनाउँछ भन्नेमा भर पर्छ ।
>
> **■ डिपी अर्याल**
> **कार्यवाहक सभापति, रास्वपा**

विस्तृत समाचार पृष्ठ २ मा...


## VACANCY ANNOUNCEMENT

One of the leading Manpower Recruitment Company in Basundhara Kathmandu is seeking for following applications.

**Documentation Officer: 3 (Male/Female)**
- 10+2 from English Medium.
- Minimum 3 to 4 years Experienced in Related Filed.

**Public Realation Officer PRO.: 2(Male/Female)**
- 10+2 from English Medium.
- Minimum 3 to 4 years Experienced in Related Filed.

Salary Negotiable

**Social Media Handler: 2 Male/Female)**
- Bachelor from English Medium
- Strong skills in connect creation. Strong writing & visual skills, deep platform knowledge, creativity, analytics understanding and and great communication.

**Front Desk Officer/ Receptionist: 2 (Male/Female)**
- 10+2 from English Medium.
- Minimum 3 to 4 years Experienced in Related Filed.

Tel : 01-5903550-5904664, Mobile No: No: 9851147340
Send Your CV at: md@rajgroupnepal.com

RAJ GROUP OF COMPANIES License No.:1245/074/075
**Raj Group Of Company Pvt. Ltd.**
Basundhara-3, Kathmandu
Email: info@rajgroupnepal.com, Website:www.rajgroupnepal.com



## VACANCY ANNOUNCEMENT

WE'RE HIRING

एक प्रतिष्ठित म्यानपावर कम्पनीका लागि निम्न कर्मचारीहरु आवश्यक भएको हुँदा व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।

- Office/HR Manager - 3 (Male/Female) (Salary : Rs.30,000 to 50,000)
- PRO - 5 (Male/Female) (Salary : Rs.25,000 to 45,000)
- Documentation - 3 (Male/Female) (Salary : Rs.20,000 to 30,000)
- Receptionist - 2 (Female) (Salary : Rs.15,000 to 20,000)
- Karyalaya Sahayogi - 2 (Female) (Salary : Rs.13,500 to 15,000)

- म्यानपावर क्षेत्रमा कम्तिमा २ वर्षको अनुभव भई अंग्रेजी राम्रो सँग बोल्न लेख्न र पढ्न सक्ने हुनुपर्नेछ ।
- कम्प्युटर राम्रो सँग चलाउन जानेको हुनुपर्नेछ ।

Sinamangal, Kathmandu, Mob.: 9851094766 9801146233 Email : crowng637@gmail.com



## विज्ञप्ति

प्रस्तुत विषयमा हालैमात्र वैदेशिक रोजगारमा जाने कामदारहरूको स्वास्थ्य परीक्षण शुल्क साबिकको रु. ६५०० बाट बढाएर रु. ९५०० बनाएको सम्बन्धमा यस संघको गम्भीर ध्यानाकर्षण भएको छ । यो संघ स्वास्थ्य परीक्षण गर्ने स्वास्थ्य संस्थाहरूको छाता संगठन हो । यो शुल्क वृद्धिप्रति हाम्रो असहमति छ । यो शुल्क वृद्धि वास्तवमा सिन्डिकेटधारी स्वास्थ्य संस्थाहरूको आवश्यकता र उनीहरूकै दबाबमा गरिएको हो । सिन्डिकेटवालाहरूले सिन्डिकेटका विदेशी मालिकहरूलाई दिनुपर्ने कमिसन रकम वृद्धि भएका कारण सर्वसाधारण कामदारबाट असुलउपर गर्ने सुनियोजित योजना अन्तर्गतको परिणाम हालको शुल्क वृद्धि हो । होइन भने एकै पटकमा ४६ प्रतिशत भन्दा बढी शुल्क वृद्धिले कामदारको हकमा के-के फाइदा वा सुविधा हुन्छ भन्ने कुराको पुष्टि हुन जरुरी छ । सरकारी पक्षले पनि सर्वसाधारण सेवाग्राही कामदारहरूको हितलाई केन्द्रमा राखेर उनीहरूको आर्थिक अवस्था तथा क्रयशक्तिको अवस्थालाई मध्यनजर गरी मूल्य वृद्धिको निर्णय लिनुपर्ने हुन्छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गतको विशेषज्ञ समितिको सिफारिसमा शुल्क वृद्धि गरिएको भनिएता पनि उक्त विशेषज्ञ समितिमा वैदेशिक रोजगारीबाट फर्किएर आएका कामदारका प्रतिनिधि र आधिकारिक ट्रेड युनियनको प्रतिनिधि पनि सदस्य रहने व्यवस्था छ । अरु त अरु यी श्रमिकका प्रतिनिधिहरू समेत शुल्क वृद्धिमा सहमत हुनु र हस्ताक्षर गर्नु खेदपूर्ण छ र यो बहसको विषय पनि हुन सक्छ । शुल्क वृद्धिको विषयलाई लिएर चौतर्फी विरोध भएपश्चात श्रम मन्त्रालयले पुनर्विचारका लागि छलफल समेत सुरु गरेको र विभिन्न सरोकारवाला पक्षहरूलाई समेटेर पुनरावलोकन समिति समेत बनाएर प्रक्रिया अघि बढिरहेको अवस्थामा केही सिन्डिकेटका मतियारहरूले समूह बनाई स्वास्थ्य संस्थाहरूमा गएर बलपूर्वक रु. ९५०० शुल्क लिन दबाब दिएको र सो शुल्क नलिए कारबाही गर्ने भनेर धम्की दिएकाले स्वास्थ्य व्यवसायीहरूमा अन्योलको त्रासदीपूर्ण वातावरण छाएको छ ।

हामी सम्पूर्ण वैदेशिक रोजगारमा जाने कामदार, वैदेशिक रोजगार व्यवसायी एवं अन्य सारोकारवालाहरूसमक्ष के अपिल गर्न चाहान्छौं भने हाम्रो संघ अन्तर्गतका सम्पूर्ण स्वास्थ्य संस्थाहरूमा साबिकको रु. ६५०० मा नै ग्यारेन्टीका साथ स्वास्थ्य परीक्षण भइरहेको छ । निर्धक्क भइ उक्त संस्थाहरूमा गएर स्वास्थ्य परीक्षण गर्न/गराउन अनुरोध गर्दछौं । साथै सिन्डिकेटका संरक्षक संस्थाका प्रतिनिधि र विभिन्न समस्यामा रहि बैधानिकतामाथि प्रश्न उठेका संस्थाहरूले मूल्य बृद्धिमा गरेको स्वागत प्रति यस संस्था गम्भिर आपत्ति जनाउँछ । यस तर्फ सम्बन्धित तालुकदार मन्त्रालयको विशेष रुपमा ध्यान केन्द्रीत गराउन चाहान्छौ । अर्कोतर्फ अनुगमन निरीक्षण भन्दै सिन्डिकेटधारीलाई सहयोग पुग्ने गरी परिचालन गरेका व्यवसायीहरूले यस संघसँग आवद्ध स्वास्थ्य संस्थाहरूलाई धम्काए, तर्साएमा तत्काल प्रतिकार गर्न र कुनै प्रकारको जानकारी एवं संरक्षण चाहिएमा यस स्वास्थ्य संस्था संचालक संघ नेपालका अध्यक्ष श्री मदन कुमार पुर्बे (मो.नं. ९८४१२०२४०२), उपाध्यक्ष श्री रामहरी थापा (मो.नं. ९८५११२३७४९), महासचिव श्री रघुनाथ पनेरु (मो.नं. ९८५१०३८९२९) लाई सम्पर्क गर्नुहुन समेत हार्दिक अनुरोध गर्दछौं ।

**मदन कुमार पुर्बे**
अध्यक्ष

**स्वास्थ्य संस्था संचालक संघ नेपाल**
टोखा न. पा.-७, काठमाडौं, फोन नं. ०१-४९८५५५०


**वैदेशिक रोजगार विशेष**

## इजरायल रोजगारीमा भ्रामक विज्ञापनको धन्दा

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ मंसिर

इजरायलको केयरगिभर रोजगारीका नाममा भ्रामक विज्ञापन भएपछि वैदेशिक रोजगार विभाग सतर्क भएको छ । सामाजिक सञ्जालका विभिन्न माध्यमबाट पटकपटक भ्रामक विज्ञापन गरिएपछि वैदेशिक रोजगार विभागले कुनै पनि निजी संस्था, कम्पनी वा व्यक्तिलाई इजरायलको केयरगिभर रोजगारीको विज्ञापन गर्न, फाराम भर्न वा पठाउने प्रक्रिया सञ्चालन गर्ने कुनै अधिकार नरहेको बताएको छ ।

हाल इजरायलका लागि केयरगिभर भर्नासम्बन्धी भ्रामक सूचना सम्प्रेषण भएकोमा ध्यानाकर्षण भएको भन्दै विभागले इजरायलमा केयरगिभरमा आकर्षक तलबसहितको रोजगारी उल्लेख गरेर विभिन्न किसिमका सूचना, विज्ञापन टिकटकलगायत सामाजिक सञ्जालमा प्रसारण भएकाले सतर्कता पृष्ठ २ मा

### साउदीमा महरा बेपत्ता

**अन्जान गुभाजु/मध्यान्ह**
जेद्दा, २३ मंसिर

साउदी अरबको जिजानस्थित अलफनार कम्पनीमा कार्यरत सिरहा निवासी बिरिन्दर महरा केही दिनदेखि बेपत्ता भएका छन् । महरा बेपत्ता भएको जानकारी प्राप्त भएपछि साउदीस्थित नेपाली दूतावासले खोजीकार्यलाई तीव्र बनाएको जनाएको छ ।

दूतावासका अनुसार राहदानी नम्बर पिए पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
२४ मंसिर २०८२ बुधबार
10 December 2025 Wednesday

# रविबारे सरकारको जवाफ पर्खँदै रास्वपा

**जीवन शर्मा/ मध्यान्ह**
काठमाडौं, २३ मंसिर



जेनजी आन्दोलनले सत्ता उलटफेर गरेसँगै बनेको पूर्वप्रधानन्यायाधीश सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारबाट नयाँ राजनीतिक शक्तिको खास अपेक्षा थियो। अन्दोलनमा संलग्न समूहहरूको आक्रोश तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र गृहमन्त्री रमेश लेखकमाथि थियो भने राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति रवि लामिछाने जेलमुक्त हुने आशामा थियो। तर तीन महिना बित्दासमेत लामिछाने रिहा हुने छाँटकाँट नदेखिएपछि रास्वपाको चुनावी रणनीति नै प्रभावित हुने भएको छ।

अन्तरिम चुनावी सरकारले रास्वपाको मागप्रति त्यति वास्ता गरेको देखिँदैन । प्रधानमन्त्री भएलगत्तै संसद् विघटन र फागुन २१ मा प्रतिनिधि सभा चुनावको घोषणा गरेकी कार्कीको ध्यान विस्तारै चुनावमा केन्द्रित हुन थालेको छ । चुनाव गराएर नयाँ जनादेशअनुसार राज्य सत्ताको चाबी बुझाउने कार्कीको प्रतिबद्धता छ।

तर सरकारले चुनाव गराउने कुरामा पुराना तथा नयाँ राजनीतिक दलदेखि जेनजीका अगुवासमेत अझै विश्वस्त हुन सकेका छैनन् । यद्यपि दलहरूले उम्मेदवार सिफरिसका लागि तल्लो तहका कमिटीलाई परिपत्र गरिसकेका छन्। जिल्लाबाट सिफारिस भएर आउनेक्रम पनि सुरु भइसकेको छ । अविश्वासका बीच चुनावी तयारीमा लागेको रास्वपाप्रति आमचासो छ । उक्त दलका सभापति लामिछाने सहकारी ठगीसम्बन्धी मुद्दामा पुर्पक्षका लागि कारागारमा रहेकाले उनीबिना रास्वपा कसरी चुनावमा जान्छ ? अन्तरिम सरकारले चुनावका सन्दर्भमा गम्भीर भएर काम गरोस् भन्ने अपेक्षा रहेको रास्वपाका कार्यवाहक सभापति डोलप्रसाद (डिपी) अर्यालले बताए । प्रधानमन्त्री कार्की र कतिपय मन्त्रीहरूले सरकारबाहिर हुँदा रविमाथि प्रतिशोध साँधेको सार्वजनिक टिप्पणी गरेका थिए । तर अहिले उनीहरू लामिछानेका विषयमा मौन छन् । रास्वपाले यसबारे सरकारको धारणा खोजिरहेको अर्यालले बताउँछन् । 'स्वतन्त्र, निष्पक्ष र भएरहित वातावरणमा चुनाव गराउने वर्तमान सरकारको चाहना हो भन्ने प्रधानमन्त्रीको भनाइ छ,' अर्यालले मध्यान्हसँग भने, 'त्यसो हुँदा विघटित प्रतिनिधि सभाको चौथो ठुलो दलको सभापतिलाई थुनामा राखेर त उहाँहरू अघि बढ्नुहुन्न होला भन्ने हाम्रो आशाय हो । त्यहीअनुसार हामीले सकारात्मक रूपमा सोचेका छौं।' रास्वपा पहिलेदेखि नै चुनावका पक्षमा भए पनि सरकारले चुनाव गराउने वातावरण कस्तो बनाउँछ भन्नेमा भर पर्ने उनको टिप्पणी छ। लामिछानेलाई कारागारमै राखेर चुनावमा जाने कि नजाने भन्ने निर्णय गरिनसकेको अर्यालको टिप्पणी छ।

जेनजी आन्दोलनका क्रममा जेलबाट निस्किएपछि लामिछाने विवादमा परेका थिए । उनलाई प्रधानमन्त्री बनाउन भन्दै रास्वपाका नेता कार्यकर्ताले जेलबाट फर्जी पत्र तयार गरेर निकालेका थिए । सो विषयमा उच्चस्तरीय जाँचबुझ आयोगले बयानका लागि लामिछानेलाई बोलाइसकेको छ । पूर्वन्यायाधीश गौरीबहादुर कार्की नेतृत्वको आयोगले लामिछानेलाई १९ कात्तिकमा बोलाएर आवश्यक सोधपुछ गरेको आयोगका प्रवक्ता विज्ञानराज शर्माले बताए । नक्खु कारागार फर्कँदै गर्दा लामिछानेले पनि वर्तमान सरकारप्रति आशाको सन्देश दिएका थिए । त्यसबेला उनले भनेका थिए, 'पछिल्लो सरकारले ममाथि चरम राजनीतिक प्रतिशोध साँधेर मेरो जिनाहराम गरेको थियो । आज यस देशको नेतृत्वमा न्यायकी प्रतिमूर्ति स्वयं प्रधानमन्त्री बन्नुभएको छ । अबचाहिँ अन्याय हुन्न भन्ने आशासहित म कारागार जाँदै छु।'

यससँगै उनले वर्तमान सरकारसँग पाँचवटा अपेक्षा राखेका छन् । जसअनुसार २०४६ सालपछिका नीतिगतलगायतका सम्पूर्ण निर्णय र उच्च पदस्थको सम्पत्ति छानबिन गर्ने, सबै निकायमा राजनीतिक नियुक्ति एकै निर्णयबाट रद्द हुने, कर्मचारीदेखि न्यायपालिकासम्म फेरि जाँच दिएर पुनर्नियुक्तिको बाटो खोल्ने, विश्वविद्यालयहरूमा भएको राजनीतिक नियुक्ति खारेज गरी मेरिटोक्रेसी स्थापित हुने र राजदूतहरूको नियुक्तिमा समेत यही विधि लागू हुने उनको अपेक्षा थियो। सरकार बनेको चार महिना पुगिसकेको छ । यस अवधिमा सरकारले नयाँ शक्ति र जेनजीका अपेक्षा पूरा गर्न नसकेको टिप्पणी भइरहेको छ। जेनजी आन्दोलनका अगुवा सुदन गुरुङले मंगलबार प्रधानमन्त्री कार्कीलाई भेटेर जेनजी र सरकारबीच भएका सहमति कार्यान्वयन नभएको, जेनजी आन्दोलनकारीमाथिको धडपकट र उनीहरूलाई लगाइएका मुद्दाका विषयमा असन्तुष्टि जाहेर गरे । नयाँ दल र जेनजीका सन्दर्भमा सरकारको दृष्टिकोणअनुसार आफूहरू अघि बढ्ने रास्वपाका नेताहरूले बताएका छन्।

'सरकारमा जानुपूर्व सुशीला कार्कीले रवि लामिछाने माथि विगतका सरकारले प्रतिशोध साँधेकै हो भनेर भनेको थियो,' कार्यवाहक सभापति अर्यालले भने, 'अहिले सरकारको धारणा के हो त ? भनेर हामीले सरकारलाई भनेका छौं । हेरम सरकारबाट केही सकारात्मक प्रयास होला भन्ने अपेक्षा गरेका छौं।'सरकारको जवाफ पर्खँदै निर्वाचनको तयारीलाई तीव्रताका साथ अघि बढाइरहेको उनल बताए। रास्वपामा समानुपातिक उम्मेदवार आह्वानअनुसार देशभरबाट तथ्यांकहरू आइरहेका छन् । यसलाई एक हप्तामा बन्द गर्ने रास्वपाको योजना रहेको उनले सुनाए । त्यस्तै, गत मंसिर १ गतेबाट आह्वान गरेको प्रत्यक्षतर्फका उम्मेदवारका लागि पनि धमाधम आकांक्षीहरूको लिस्ट आइरहेको छ। देशव्यापी संगठन विस्तार र चुनावमा जनताको मन बुझ्ने काम भइरहेको कार्यवाहक सभापति अर्यालले बताए।

गत साउन ३१ देखि नक्खु कारागारमा रहेका लामिछानेलाई भेट्न लावालस्कर लाग्ने गरेका छन् । आन्दोलनका क्रममा भदौ २४ गते कारागारबाट भागेको भन्दै उनीमाथि चर्को आलोचना भएको थियो । कारागार व्यवस्थापन विभागले फरार कैदी बन्दीहरूलाई कारागार फर्कन उर्दी जारी गरेपछि उनी भदौ २८ गते नक्खु कागार फर्किएर सरकारको निर्णय पर्खिरहेका छन्। अदालतको आदेशबिनै परिस्थितिको फाइदा उठाउँदै भागेको भन्ने उनीमाथि आरोप छँदै छ। बुटबलको सुप्रिम सहकारी ठगी मुद्दामा थुनामा पठाउने उच्च अदालतको आदेशलाई सर्वोच्च अदालतले गत जेठ ९ गते सदर गरेसँगै उनि कारागार पुगेपनि नयाँ सरकार आएपछि निस्कने आशा थिए। २०८२ जेठ देखि साउनसम्म बुटवल कारागारमा रहेका लामिछानेलाई कारागार व्यवस्थापन विभागले साउन ३१ मा नक्खु सरुवा गरेको हो। विघटित प्रतिनिधि सभामा पहिलोपटक २१ सिटसहित चौथो ठुलो दल बनेको रास्वपाप्रतिको अपेक्षा नागरिक तहमा बढ्दै गएको छ। यही अवस्थामा सरकारले चुनाव गराएर रास्वपा समग्रमा राम्रो अंक हासिल गर्नेमा आशावादी छ । तर सो दलका सभापति लामिछानेलाई सरकारले थुना मुक्त गर्नुपर्ने रास्वपाको माग छ । लामिछाने थुनामुक्त नभएको अवस्थामा रास्वपा निर्वाचनमा के गर्ने भन्ने अनिर्णीत छ। तर कतिपय नेताहरूले भने सभापति लामिछानलाई सरकारले कारागार मुक्त नगरे कारागारबाटै चुनाव लडेर जित निकाल्ने प्रतिक्रिया दिएका छन् । नेपाल प्रहरीका पूर्वअतिरिक्त प्रहरी महानिरीक्षक (एआइजी) विश्वराज पोखरेलले रास्वपा प्रवेश गरेर सभापति लामिछानेमाथि अन्याय भएकाले त्यसविरुद्ध लड्ने बताएका छन् । लामिछानेलाई वर्तमान सरकारले न्याय दिएर कारागार मुक्त गर्नुपर्ने आवाज पोखरेलले गाउँगाउँसम्म पुऱ्याउँदै चुनावी अभियान चलाउँदै आएका छन्।

सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले चुनावको घोषणा गरेसँगै जेनजी समूहसहित बालेन साह, सुमना श्रेष्ठ, कुलमान घिसिङलगायतसँग रास्वपाले एकताका लागि पहल गरे पनि त्यो सम्भव हुन सकेको छैन । कुलमानको उज्यालो नेपालले रास्वपासँगको सहकार्य बन्द गरेको सन्देश दिइसकेको छ भने हर्क साम्पाङ नेतृत्वको श्रम संस्कृति पार्टीले पनि रवि नेतृत्वको पार्टीसँग सहकार्य हुन नसक्ने बताएको छ । यसो हुँदा आगामी निर्वाचनमा नयाँ राजनीतिक दलबीचको प्रतिस्पर्धाले पुरानैको पासा पल्टने विश्लेषणसमेत भइरहेको छ।

## मोरङ ६ बाट शेखर कोइराला सर्वसम्मत सिफारिस



**काठमाडौं/मस-** नेपाली कांग्रेस केन्द्रीय सदस्य डा. शेखर कोइरालाको नाम प्रतिनिधिसभा निर्वाचनका लागि प्रत्यक्षतर्फ उम्मेदवार बन्नका लागि एकल सिफारिस गरिएको छ। उनको नाम मोरङ क्षेत्र नम्बर ६ बाट सर्वसम्मत रुपमा एकल सिफारिस गरिएको हो। मंगलबार बसेको क्षेत्रीय समिति बैठकले केन्द्रीय सदस्य कोइरालाको नाम प्रत्यक्षतर्फको उम्मेदवारका लागि जिल्ला कार्यसमिति समक्ष सिफारिस गरेको हो । राष्ट्रिय राजनीतिमा प्रभावकारी भुमिका खेल्दै आगामी महाधिवेशनमा पार्टी सभापतिको तयारीमा रहेका कोईराला देशकै नेतृत्व गर्ने स्थानमा पुग्ने भएकाले प्रतिनिधि सभाका लागि उनको एकल नाम सिफारिस गरिएको मोरङ कांग्रेसले जनाएको छ। यसअघि पनि उनी राम्रो मतका साथ निर्वाचित सांसद हुन्।

क्षेत्रीय सभापति क्षेत्रीय सभापति देवराज तामाङका अनुसार समानुपातिकतर्फ सात जनाको नाम सिफारिस गरिएको छ । जसमा डा.डिला संग्रौला, रमेशजंग रायमाझी, रुक्मिणी कोइराला, प्रमिला गच्छदार, मृदुला कोइराला, सीता पोखरेल घिमिरे र सीता थापामगर रहेका छन्।

त्यस्तै, राष्ट्रियसभा सदस्यका लागि टेकवान पासवान, जयप्रकाश सरदार, महेश जाजु, प्रभा आचार्य र उमा घिमिरेको नाम सिफारिस भएको छ। नेपाली कांग्रेसले केन्द्रीय समितिको निर्णयका आधारमा प्रतिनिधिसभाका लागि प्रत्यक्षतर्फ तीन जना, समानुपातिकतर्फ दुई जना र राष्ट्रियसभाका लागि तीन जनाको नाम सिफारिस गर्न परिपत्र गरेको छ । तर आंकाक्षीहरू धेरै भएपछि क्षेत्रीय समितिले आफू अनुसार सिफारिस गरेको हो।

## चौरजहारीमा कृषि प्रदर्शनी हुँदै

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, २३ मंसिर

रुकुम पश्चिमको चौरजहारी नरपालिकामा मंसिर २६ गते कृषि मेला प्रदर्शनी हुने भएको छ । नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार नगरपालिकास्तरीय कृषि मेला प्रदर्शनी हुने भएको हो । मेलामा उत्कृष्ट कुषकलाई पुरस्कारसहित सम्माान समेत गरिने नगरपालिका प्रमुख पुष्प वादीले जानकारी दिए।

नगरपालिकाभित्रका कृषकहरूले आ-आफ्नो कृषि उत्पादन/उपजहरू प्रदर्शनी स्टलमा दर्ता गरी पुरस्कार जित्न सक्ने अवसर रहेकाले कृषि प्रदर्शनी मेलामा सहभागी हुन चौरजहारी नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत शेरप्रसाद ढकालले कृषकहरूमा अनुरोध गरेका छन्।

कृषि उपज संकलन तथा बिक्री केन्द्रको भवन रहेको वडा नम्बर ११ बसपार्क टाटामा कृषि प्रदर्शनी मेला आयोजना गरिने नगरपालिकाले जनाएको छ। कृषि प्रदर्शनी मेलामा कृषि उपजहरू खाद्यान्न बाली अन्तर्गत धान, मकै, गहुँ, मौसमी बेमौसमी तरकारी बालीहरू अन्तर्गत काउली, बन्दा, टमाटर, खुर्सानी, प्याज, फलफूल बालीअन्तर्गत सुन्तला, कागती, मौसम, किवी, केरा, भुईंकटहर, अमिलो आदि प्रदर्शनमा रहनेछन्। जसका लागि कृषकहरूले कम्तीमा १ किलो पारदर्शी प्लास्किकमा प्याकेजिङ बोटसहित हाँगासहितको फलहरू ल्याउनुपर्ने छ।

त्यस्तै मसला बाली अन्तर्गत अदुवा, बेसार, अलैंची, कफी, उखु बोट र दलहन तथा तेलहन बाली अन्तर्गत सिमी, बोडी, भटमास, तिल, तोरी, रायो, मूलाकोबोटसहित वा कम्तीमा १ किलो प्याकेजिङ गरेर कृषकले प्रदर्शनी स्टलमा राख्नुपर्ने छ। सोही मध्यमबाट छनोट गरेर स्थान हासिल गर्ने कृषकलाई पुरस्कारसहित सम्मान गरिने नगरपालिकाले जनाएको छ।

## पण्डितपुरमा प्राचीन संरचना फेला

**विनोद निगम/मध्यान्ह**
नवलपरासी, २३ मंसिर



पश्चिम नवलपरासीको रामग्राम नगरपालिका-१८ स्थित पण्डितपुर क्षेत्रमा भइरहेको उत्खननमा महत्वपूर्ण प्राचीन संरचना फेला परेको छ । बुद्धको मावलीका रूपमा चिनिने पण्डितपुरमा भेटिएका यी अवशेषलाई पछिल्ला वर्षको महत्वपूर्ण पुरातात्विक उपलब्धि मानिएको छ।

उत्खनन टोलीका अनुसार सतहदेखि केही फिट तल देखापरेका संरचनाहरू इँटा, माटो र ढुंगाको मिश्रणमा बनेका छन्, जसले यहाँ प्राचीन सभ्यता तथा बसोबास रहेको संकेत गर्छ । प्रारम्भिक परीक्षणहरूले संरचना बुद्धकालीन वा त्यसअघि पनि हुन सक्ने सम्भावना खुलाएका छन्।

पूर्वमन्त्री देवेन्द्रराज कँडेलले स्थल अवलोकनपछि पण्डितपुरलाई ऐतिहासिक, धार्मिक र सांस्कृतिक गन्तव्यका रूपमा विकास गर्न व्यवस्थित अनुसन्धान, संरक्षण र पूर्वाधार विस्तार आवश्यक रहेको बताए। उनका अनुसार यस्ता स्थलको संरक्षणले नेपाललाई 'जन्मभूमि-ज्ञानभूमि' दुवैका रूपमा बलियो ढंगले प्रस्तुत गर्न मद्दत गर्नेछ।

अवलोकनमा सहभागी स्थानीयवासीले उत्खननलाई थप गति दिन, स्थलमा सुरक्षा व्यवस्थालाई कडा बनाउन र दीर्घकालीन अनुसन्धान सुनिश्चित गर्न सरकारसँग आग्रह गरेका छन्। हालसम्म भेटिएका अवशेषहरूले बुद्धका नातागोता वा पूर्वजहरूको बसोबासको प्रमाण बन्न सक्ने आधार पक्का गरेको छ।

उत्खनन टोलीले थप परीक्षण र अभिलेख तयार हुँदै जाँदा संरचनाको वास्तविक उमेर, स्वरूप र ऐतिहासिक पृष्ठभूमि अझ प्रस्ट हुने जनाएको छ । टोलीका अनुसार अहिले भेटिएका संरचनाहरू भित्री तहमा रहेका सम्भावित अवशेषहरूको पहिलो संकेत मात्र हुनसक्छन्।

## सञ्चारघर डटकमका सम्पादक सिंहलाई पितृशोक



**काठमाडौं/मस-** नेपाल पत्रकार मञ्चका सदस्य तथा सञ्चारघर डटकमका सम्पादक सोमविक्रम सिंहलाई पितृशोक परेको छ । सिंहका पिता झलकबहादुर सिंहको ८५ वर्षको उमेरमा सोमबार निधन भएको हो। स्व. सिंह लामो समयदेखि पर्यटन व्यवसायमा सक्रिय रहँदै आएका थिए।

उनको निधनप्रति नेपाल पत्रकार मञ्चले गहिरो शोक व्यक्त गरेको छ। मञ्चले सोमबार विज्ञप्ति जारी गरेर स्व. सिंहले पर्यटन क्षेत्रमा पुऱ्याएको योगदानको स्मरण गर्दै शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गरेको छ।

मञ्चका महासचिव राजु भण्डारीद्वारा जारी शोक विज्ञप्तिमा भनिएको छ, 'नेपाल पत्रकार मञ्चका सदस्य एवं सञ्चारघर डटकमका सम्पादक सोमविक्रम सिंहका पिता झलकबहादुर सिंहको ८५ वर्षको उमेरमा भएको असामयिक निधनले हामी स्तब्ध भएका छौं । उहाँले पर्यटन क्षेत्रमा पुऱ्याउनुभएको योगदानप्रति सम्मान व्यक्त गर्दै स्व. सिंहलाई हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं।'

**सर्वोच्चले...**

साह सर्वोच्च अदालत अदालत पनि गए। सर्वोच्च अदालतमा उनले २०८० साल जेठ २१ गते रिट दिए। त्यसपछि सर्वोच्चले जाहेरी दर्ता भए/नभएको विषयमा प्रहरीसँग जबाफ माग्यो। २०८० मंसिर ११ गते प्रहरीले जवाफ पठायो- कर्तव्यज्यान मुद्दा शीर्षकमा जाहेरी दर्ता भएको छ । साथै, घटनाको थप अनुसन्धान भइरहेको छ। तर अनुसन्धान कहाँ पुग्यो र के कति प्रगति भएको छ केही खुलाएन। त्यसपछि २०८२ साल भदौ २ गते सर्वोच्च अदालतले गौर हत्याकाण्डको अनुसन्धान प्रक्रिया अघि बढाउन परमादेश जारी गऱ्यो। न्यायाधीशद्वय तिलप्रसाद श्रेष्ठ र नित्यानन्द पाण्डेयको संयुक्त इजलासले रौतहटस्थित सरकारी वकिलको कार्यालय र जिल्ला प्रहरी कार्यालयका नाममा यस्तो आदेश दिएको थियो। फेरि पनि यो प्रक्रिया कहाँ पुग्यो कुनै टुंगो छैन। आदेशअनुसार अनुसन्धान नभएपछि सर्वोच्च अदालतले प्रहरीको मौनतामै प्रश्न उठ्नेगरी उक्त परमादेशको पूर्णपाठ लेखेको छ । उक्त परमादेशको पूर्णपाठ हालै सार्वजनिक भएको छ।

प्रहरीको भूमिका केलाउँदै पूर्णपाठमा भनिएको छ, 'सरकारी मुद्दासम्बन्धी ऐनमा भएका कानुनी व्यवस्थाको अध्ययन गर्दा कुनै अपराधका सम्बन्धमा जाहेरी परेपछि यथाशीघ्र तहकिकात गरी सबुत-प्रमाण संकलन गर्नुपर्ने व्यवस्था भएको देखिन्छ । तहकिकातपछि मुद्दा चलाउन प्रमाण नपुगे मुद्दा नचलाउने निर्णय गर्न सकिने एउटा अवस्था हो । तर जाहेरी परिसकेपछि अनुसन्धान गर्दै नगरी निद्रामग्न अवस्थामा रहने छुट कानुनले दिएको देखिँदैन।'

सर्वोच्च अदालतले प्रहरीले कसरी काम गर्ने भनेरसमेत लेखेको छ । पूर्णपाठमा उल्लेख भएअनुसार अनुसन्धान क्रममा प्रहरीले घटनास्थल मुचुल्का गर्ने, घटनास्थलमा पाइएका कसुरसँग सम्बन्धित दसीप्रमाणहरू कब्जामा लिने, खानतलासी लिने, लास जाँच गर्नेलगायतका कार्य गर्नुपर्नेहुन्छ । कसुरसँग सम्बन्धित व्यक्ति फेला परे पक्राउ गरेर अनुसन्धान अगाडि बढाउनुपर्दछ।

२८ जनाको ज्यान जानेगरी दिनदहाडै भएको यो हत्याकाण्डबारे यी कार्य हालसम्म भएका छैनन् । आरोपितबारे समाजमा प्रश्न उठिरहने तर प्रहरी मौन रहने अवस्था उचित नरहेको संकेत गर्दै अदालतले पूर्णपाठमै मुद्दा हेर्ने अधिकारीको अनुमतिले कसुरको प्रकृतिअनुसार कुनैमा बढीमा २५ दिन र कुनैमा बढीमा ४० दिनसम्म शंकास्पद व्यक्तिलाई हिरासतमा राख्न सकिने व्यवस्था रहेको लेखेको छ । तर प्रहरी अदालतको आदेश पाउँदासमेत मौन छ।

पूर्णपाठमा अगाडि भनिएको छ, 'कुनै कसुरका सम्बन्धमा जाहेरी पर्न आएपछि तहकिकातको कार्य अगाडि नबढाई जाहेरी नै नपरेसरह वा घटनाका सम्बन्धमा केही थाहा जानकारी नै नपाएसरह अनुसन्धान तहकिकातको जिम्मेवारी पाएको प्रहरी कार्यालयले बस्न मिल्ने देखिँदैन । तर हालसम्मको अवस्था हेर्दा विपक्षीहरूको लिखित जबाफमा अनुसन्धानको कार्य भइरहेको भनी उल्लेख गरिएको भए पनि सोबमोजिम अनुसन्धान तहकिकातको कार्य भइरहेको मान्न मिलेन।'

जाहेरी पर्दैमा कसैलाई पक्राउ गरिहाल्नुपर्ने वा मुद्दा चलाइहाल्नुपर्ने नभए पनि अनुनसन्धानपछि कुनै अभियुक्तउपर मुद्दा चलाउन पर्याप्त प्रमाण नपुग्ने देखिए सोही बेहोराको अनुसन्धान प्रतिवेदन पठाउने अधिकार राख्छ । मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३१(१) बमोजिम सम्बन्धित प्रहरी कार्यालयले यो अधिकारको प्रयोग गर्न सक्छ । कुनै कसुरका सम्बन्धमा जाहेरी पर्न आएपछि अनुसन्धान तहकिकात गर्दा कसुर भएकै नदेखिए वा कसुर भएको देखिए पनि कुनै अभियुक्तउपर मुद्दा चलाउन प्रमाण पुग्ने नदेखिए सोही बेहोराको अनुसन्धान प्रतिवेदन पठाउनु वा मुद्दा नचलाउने निर्णय गर्नु बेग्लै कुरा भएको उल्लेख गर्दै अदालतले प्रहरीको भूमिकामाथि प्रश्न उठाएको छ, 'कसुरको सूचनाका रूपमा प्राप्त जाहेरी दरखास्त दर्ता गर्नबाटै इन्कार गर्ने वा जाहेरी दर्ता भएपछि त्यस्तो जाहेरीमा अनुसन्धान कारबाही केही नगरी राख्ने अधिकार प्रहरी कार्यालयलाई रहेको देखिँदैन।'

**अस्पतालमा...**

प्रदर्शनकारीले खनालपुत्र निर्भीक र श्रीमतीलाई घरभित्र थुनेर आगो लगाइदिएका थिए । झण्डै चार दशक लामो अध्यापनबाट विश्राम लिएकी उनी पूर्वप्रधानमन्त्री खनालको राजनीतिसँग प्रत्यक्ष जोडिएकी पनि थिइनन् । अमृत साइन्स क्याम्पसमा उनी रसायनशास्त्र विषय पढाउँथिन् । उनलाई चिन्ने, बुझ्नेहरू उनको जीवनशैली अति सामान्य रहेको भन्दै झलनाथको राजनीतिक प्रभाव उनमा नदेखिएको टिप्पणी गर्छन् । तर सबैभन्दा ठुलो क्षति उनैले बेहोर्नुपऱ्यो । आफ्नै सुरमा घरभित्र बसेकी रविलक्ष्मी एक्कासि आगोमा लप्कामा परिन् । दिनमा कतिपटक ओहोरदोहोर गरेको आफ्नै घरबाट बाहिर निस्किने बाटो उनले पत्ता लगाउन सकिनन्।

छोरा निर्भीक र केही छिमेकीले जसोतसो उनलाई घर बाहिर निकाले । त्यतिबेलासम्म आगोले शरीरको धेरै भाग जलाइसकेको थियो। कीर्तिपुरस्थित बर्न अस्पतालमा भर्ना गरिएपछि डाक्टरले उनको फोक्सोलगायत अंगमा क्षति पुगेको बताए । बायाँ हात काम नलाग्नेगरी जलेकाले काटेर फाल्नुपर्ने भने । धेरै विज्ञान विद्यार्थीकी प्रिय गुरुआमाको त्यो हात काटियो। नेपालमा थप उपचार सम्भव नभएपछि उनलाई दिल्लीस्थित एपोलो अस्पतालमा लगियो । अहिले उनको त्यहीँ उपचार भइरहेको छ । आफ्नी श्रीमतीको यो अवस्थापछि खनालले २४ भदौको सो घटना अमानवीय र आपराधिक भएको बताउँदै भर्त्सना गरेका छन्। तर युवा आन्दोलनमा अनियन्त्रित दमन गर्ने सरकार मात्र नभई त्यसक्रमका सबैजसो घटना नियोजित षड्यन्त्र भएको उनको टिप्पणी छ। आन्दोलनमा देशीविदेशी षड्यन्त्र र प्रतिक्रियावादीको चलखेल भएको पनि खनालको ठोकुवा छ। राजनीतिक परिवारसँग जोडिएकै आधारमा कोही कसैलाई जिउँदै जलाउनेसम्मको स्थिति सिर्जना हुनु विडम्बना भएको उनी बताउँछन्। अहिले चित्रकारको अवस्था केही सुधार भएको छ । उनको तीन चरणमा अप्रेसन गरिएको खनालले बताए। उनका अनुसार, पहिलो चरणमा आइसियुमा राखेर उपचार गरिएको थियो। दोस्रो चरणमा केही ठुला अप्रेसन भए। तेस्रो चरणमा घरपरिवारकै साथमा डाक्टर नर्सहरूसहितको निगरानीमा उपचार भइरहेको छ।

**इजरायल...**

अपनाउन आग्रह गरेको छ। विभागका निर्देशक टिकाराम ढकालले नेपाल सरकार र इजरायल सरकारका बीचमा सम्पन्न द्विपक्षीय समझदारी अनुरूप इजरायलका दीर्घकालीन स्याहार केन्द्रहरूमा सहायक कामदारहरू पठाउने सम्पूर्ण कार्य केवल जीटुजी प्रक्रियामार्फत मात्र हुने भएको भन्दै अन्य कसैले पठाउन नपाउने बताएका छन्। उनले भने, 'भाषा पढाउने नाममा ठगी भएको व्यापक सुनिएको छ। ठगीमा उजुरी नआएका कारण हालसम्म कसैलाई कारबाही भएको छैन । तर इजरायलमा काम गर्न जानका लागि जीटुजी बाहेक अर्को विकल्प नरहेकाले भ्रामक, झुटा र ठगी उद्देश्यले गरिएका क्रियाकलाप वा अवैध रूपमा कामदार पठाउने कुनै पनि व्यक्ति, समूह वा एजेन्सीमाथि कडा निगरानी गरिएको छ। प्रमाण फेला परे कडा कारबाही गरिने छ।'

**साउदी...**

२८९४७७० तथा साउदी आवासीय अनुमति (इकामा) नम्बर २५८५२३६८२७ भएका महरा कम्पनीको सम्पर्कमा पनि छैनन् । कम्पनीबाट बेपत्ता भएको सूचना प्राप्त भएपछि दूतावासले स्थानीय प्रहरी, प्रशासन तथा विभिन्न डिटेन्सन सेन्टरहरूसँग समन्वय गर्दै उनको अवस्थाबारे जानकारी प्राप्त गर्ने प्रयास गरिरहेको छ । महराको खोजीकार्यमा सघाउन दूतावासले साउदीमा रहेका नेपाली समुदाय, संघ-संस्था तथा व्यक्तिगत रूपमा बसोबास गरिरहेका नेपालीहरूलाई अपिल गरेको छ। महराबारे कुनै पनि जानकारी प्राप्त भएमा ०५८३६२६५३०, ०५३८५०२१९२, ०५९६७२६७०७, ०५३५०२४१६९, जिजानस्थित दूतावास प्रतिनिधि : ०५७८४०१०१४ नम्बरमा सम्पर्क गर्न दूतावासले अनुरोध गरेको छ। दूतावासले महराको अवस्थाबारे पत्ता लगाउन सबै निकायसँग निरन्तर समन्वय जारी राखेको जनाएको छ।

# एमाले केन्द्रीय सदस्यमा अधिकारीको दाबेदारी



**लमजुङ/मस–** लमजुङका अनुभवी र जुझारु नेता कृष्णप्रसाद अधिकारीले एमालेको आसन ११औं महाधिवेशनमा केन्द्रीय सदस्यको दाबेदारी प्रस्तुत गरेका छन्। एमाले ११औं महाधिवेशन यही मंसिर २७ गतेदेखि मंसिर २९ गतेसम्म भक्तपुरको सल्लाघारीमा हुँदैछ। महाधिवेशन नजिकिँदै गर्दा लमजुङका अधिकारीले केन्द्रीय सदस्यमा आफ्नो उम्मेदवारी घोषणा गरेका हुन् ।

अधिकारीको राजनीतिक यात्रा अनेरास्ववियुबाट सुरु भएको हो । २०४४ सालमा नेपाल ल क्याम्पस, काठमाडौंमा भर्ना भएदेखि नै उनी राजनीतिमा सक्रिय बनेका थिए । २०५० देखि २०५४ सम्म उनले सर्वोच्च अदालतसम्म अधिवक्ता रहेर काम गरेका थिए। लमजुङ फर्किएपछि उनी निरन्तर पार्टीको काममा लागि रहे । अधिकारीले २०५४ मा उदिपुर गा.वि.स( हाल बेसिशहर नगरपालिका १ को) अध्यक्ष, २०५६ मा क्षेत्रीय संयोजक र २०५९ मा तत्कालीन राष्ट्रिय प्रजातान्त्रिक युवा संघको अध्यक्षजस्ता जिम्मेवार पदमा रहेर कार्य गरेका थिए। अधिकारीले २०६६ देखि २०७६ सम्म लगातार दुई कार्यकाल जिल्ला सचिवका रूपमा नेतृत्व लिए ।

जिल्ला अध्यक्ष हुँदा २०७९ सालको स्थानीय तह निर्वाचनमा लमजुङ जिल्ला समन्वय समितिमा एकल बहुमत बनाउँदै उनले केन्द्रीय तहको समेत ध्यान खिच्न सफल भएका थिए । स्थानीय तह निर्वाचनमा देशभर १४ जिल्लामा मात्र एकल बहुमत पुगेको अवस्थामा लमजुङ पनि त्यसमध्ये पर्ने अधिकारी नेतृत्वको ऐतिहासिक सफलता मानिन्छ । कार्यकर्ताहरूका अनुसार अधिकारी नेतृत्वमा रहेका बेला संगठन बलियो, चलायमान र संरचनात्मक रूपमा प्रभावकारी बनेको थियो ।

पार्टी निर्माण र संगठन विस्तारलाई व्यक्तिगत पेसाभन्दा बढी प्राथमिकता दिने अधिकारीको 'समर्पित भावना' र इमानदार छविका कारण उनी कार्यकर्तामाझ 'समर्पित, विश्वासिलो र काम गर्ने नेता'का रूपमा चिनिन्छन् ।

जिल्ला अध्यक्ष हुँदा अधिकारीले पार्टीलाई समानुपातिक मतमा लमजुङमा १ नम्बर बनाएका थिए । तर, लमजुङका हाइ प्रोफाइल नेताको सहयोग नपाएकै कारण प्रदेशसभा निर्वाचन २०७९ मा उनले उपविजेतामा सिमित रहनु पर्‍यो । ६ हजार मत बढी भएपनि पराजित हुनु पार्टीभित्रको आन्तरिक घातको परिणाम मानिन्छ। यद्यपि, उनले प्रतिनिधि सभामा पार्टीका उपमहासचिव पृथ्वी सुब्बा गुरुङलाई भारी मतले विजयी गराउँदै स्थानीय तह र प्रदेश संघीय तहसम्म एमालेलाई अग्रस्थानमा पुर्‍याएका थिए ।

नेकपा एमाले लमजुङ जिल्ला कमिटीका पूर्वसचिव सुवास पौडेल भन्छन्,'अधिकारी जिल्ला अध्यक्ष हुँदा गरेको ऐतिहासिक उपलब्धिपछि पनि उहाँलाई हराउने खेल भएको थियो । उहाँको हारसँगै एमालेप्रति लमजुङमा जनताको ग्राफ घट्यो ।'

गृह जिल्ला लमजुङमा बलियो जनसम्पर्क, वकालतको अनुभव,संगठनात्मक सफलता, जनतामाझको लोकप्रियता र पार्टीभित्रको अपरिहार्यताले अधिकारीलाई ११औं महाधिवेशनमा केन्द्रीय सदस्यका बलिया दाबेदारका रुपमा लिइएको छ ।

# बाल क्यान्सर उपचार सेवाको प्रवर्धनमा संस्थागत प्रतिबद्धता




**काठमाडौं/मस–** बाल क्यान्सर सर्भाइभरसिप र पेडियाट्रिक प्यालेटिभ केयर (बाल प्रशामक सेवा) विषयमा केन्द्रित सरोकारवालाहरूको बैठक काठमाडौंमा सम्पन्न भएको छ। कार्यक्रम कान्ति बाल अस्पतालले आयोजना गरेको हो । नेपाल चाइल्डहुड क्यान्सर एलायन्सको सहयोगमा रमेश गुप्ता मेमोरियल ट्रस्ट र वर्ल्ड चाइल्ड क्यान्सरद्वारा सञ्चालित 'बन्भल' परियोजनाअन्तर्गत बैठक आयोजना गरिएको थियो । बैठकले बाल क्यान्सरबाट बचेका बालबालिका, अभिभावक, चिकित्सक, स्वास्थ्य विज्ञ, तथा राष्ट्रिय-अन्तर्राष्ट्रिय संस्थालाई एउटै मञ्चमा ल्याएर अनुभव, चुनौती र समाधानका सम्भावनामा सामूहिक छलफल गर्ने अवसर दिएको आयोजक पक्षले जनाएको छ ।

कार्यक्रममा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, विश्व स्वास्थ्य संगठन (डब्लुएचओ), नेपाल बाल रोग विशेषज्ञ समाज, भक्तपुर क्यान्सर अस्पताल, बीपी कोइराला मेमोरियल क्यान्सर अस्पताल, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानलगायतका संस्थाको सहभागिता थियो ।

कार्यक्रमको पहिलो सत्र क्यान्सर सर्भाइभरसिपमा केन्द्रित थियो । दुई जना बाल क्यान्सर विजेताले आफ्नो जीवनयात्रा सुनाउँदै सत्रको प्रारम्भ गरेका थिए, जसले प्रेरणा र आशाको वातावरण सिर्जना गर्‍यो ।

त्यसपछि कान्ति बाल अस्पतालकी डा. सानी सिपाईको संयोजकत्वमा प्यानल छलफल भयो, जहाँ अभिभावकहरूले उपचारका क्रममा भोगेका चुनौती, पीडा र सफलताका अनुभव भावनात्मक तरिकाले प्रस्तुत गरे ।

सहभागीका अनुसार उक्त सत्रले स्वास्थ्यकर्मीलाई बालबालिका र अभिभावकको वास्तविक अनुभव नजिकबाट बुझ्न महत्वपूर्ण मञ्च प्रदान गर्‍यो ।

दोस्रो सत्र बाल प्रशामक सेवामा केन्द्रित थियो, जुन क्यान्सर उपचारको अत्यन्त महत्वपूर्ण पाटो मानिन्छ। कान्ति बाल अस्पतालकी डा.निशा ज्योति श्रेष्ठले नेपालका विद्यमान प्यालेटिभ केयर सेवा, संरचना र आवश्यकताबारे प्रस्तुति दिइन् ।

त्यसपछि डा.अलीना देवी भण्डारी र सुश्री हिमानी बिष्टलगायतका स्वास्थ्यकर्मीहरूले तालिमपछि देखिएका सकारात्मक परिवर्तन, सेवा प्रवाहमा आएको सहजता र परिवारसँगको व्यवहारमा परेका सुधारबारे प्रत्यक्ष अनुभवहरु राखेका थिए। अन्तिममा विशेषज्ञ तथा सरोकारवालाले खुला छलफल गर्दै नेपालमा क्यान्सर भएका तथा जीवन-सीमित अवस्थाका बालबालिकाका लागि अझ प्रभावकारी सेवा संरचना कसरी विकास गर्ने भन्नेबारे सुझाव राखे ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रतिनिधिसहित स्वास्थ्यकर्मीहरुले बाल क्यान्सर उपचार सेवाको प्रवर्धनका लागि संस्थागत प्रतिबद्धता दोहोर्‍याएका थिए । सहभागीहरूको भनाइमा, यो बैठकले नेपालमा बाल क्यान्सर हेरचाहलाई अझ सहकार्यपूर्ण, करुणामय र परिवार-केन्द्रित बनाउने दिशामा महत्वपूर्ण उपलब्धि जोडेको छ ।

# सामुदायिक वनको विकासले गाउँको मुहार फेरियो : स्थानीय तहलाई चुनौती

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २३ मंसिर

अर्घाखाँचीमा सामुदायिक वनहरूले विकास निर्माणका विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएपछि स्थानीय सरकारका लागि चुनौती थपिएको छ । जिल्लाका धेरै सामुदायिक वनहरूले काठ बिक्री-वितरणबाट संकलित आम्दानी प्रयोग गरेर गाउँमा विकास निर्माणका काम गर्न थालेपछि स्थानीय सरकारलाई गाउँको विकासमा प्रतिस्पर्धा र चुनौती दुवै बढेको हो ।

अर्घाखाँचीमा रहेका झन्डै ३ दर्जन सामुदायिक वनहरूले विभिन्न प्रकारका रोजगारी सिर्जना गरेपछि वैदेशिक रोजगारीबाट फर्केर युवाहरू गाउँमै काम गर्न थालेका छन्, जसका कारण स्थानीय नागरिक खुसी छन् । शितगंगा नगरपालिका-११ मा रहेको गैंडे सामुदायिक वनले घाट गद्दी व्यवस्थापन, आलुखेती किसानलाई बीउ-पल वितरण, हाते ट्रयाक्टर वितरण, कुलो,



बिजुली, मन्दिर तथा विद्यालयको भौतिक सुधारलगायतका विकास निर्माणका काम गरेको सामुदायिक वनकी सचिव सीता बेल्वासेले जानकारी दिइन् । उनका अनुसार खोलामा तटबन्ध निर्माणदेखि युवाहरूको दैनिकी चलाउने विभिन्न काम निरन्तर भइरहेका छन् ।

अर्घाखाँचीमा सबैभन्दा धेरै काठ बिक्री-वितरण हुने सामुदायिक वन समूह शितगंगा नगरपालिकामा रहेका छन् । सामुदायिक वनहरूले सडक निर्माण, मोटरबाटो कालोपत्र, विद्यालय भवन निर्माण, कुलो निर्माण, बिजुलीबत्ती बाल्ने, शिक्षक राख्ने, कृषि आय-आर्जनका कार्यक्रम सञ्चालन गर्ने, युवाहरूलाई रोजगारी प्रदान गर्ने, विदेशबाट फर्केका युवालाई अनुदान दिने लगायतका सामाजिक सेवा प्रदान गर्दै आएको डिभिजन वन कार्यालयका वरिष्ठ वन अधिकृत गणेश चौधरीले बताए । उनका अनुसार सामुदायिक वनले विकास निर्माण मात्र होइन, विविध रोजगारी सिर्जना गरेर युवाहरूलाई गाउँमै बसेर काम गर्ने वातावरण बनाइदिएको छ ।

शितगंगा-१२ को मजुरेडाँडा सामुदायिक वन पत्थरकोटले स्थानीय सरकारसँग सहकार्य गरेर गत वर्षदेखि सडक कालोपत्रे गर्ने र विभिन्न किसान आयआर्जनका काम थालेको डिभिजन वन कार्यालय अर्घाखाँचीका प्रवक्ता केशर खड्काले बताए । उनका अनुसार गत वर्ष काठ बिक्री-वितरणबाट संकलित सामुदायिक वनको १५ लाख र शितगंगा नगरपालिकाको १० लाख गरी २५ लाखको लागत साझेदारीमा सडक कालोपत्रे गरिएको थियो । यसले स्थानीयलाई जंगलमा जान, बस्तुभाउ लिएर हिंड्न, काठ लैजान सहज भएको सामुदायिक वनका अध्यक्ष प्रदीप बीसीले बताए । शितगंगा नगरपालिका-१४ मा रहेको पावर सामुदायिक वनले पात-पतिङ्गर संकलन गरी प्रांग्रारिक मल उत्पादन सुरू गरेपछि स्थानीय युवाहरू स्वरोजगार भएका छन् ।

# नालीमा डुबेर बालकको मृत्यु

**बिन्दु राई/मध्यान्ह**
उदयपुर, २३ मंसिर

नालीमा डुबेर उदयपुरमा बालकको मृत्यु भएको छ । २ वर्षीय योङहाङ राईको खेल्ने क्रममा नालीमा डुबेर मृत्यु भएको हो ।

लिम्चुङबुङ गाउँपालिका-४ बलम्ता घर भइ हाल त्रियुगा नगरपालिका-३ मोतीगडाचोक बस्ने देवान राईका छोरा योङहाङ खेल्ने क्रममा सोमबार नालीमा जमेको पानीमा डुबेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ ।

प्रहरी निरीक्षक विष्णु खड्काका अनुसार नालीको पानीमा मृत शव फेला परेको थियो । उनको शव पोष्टमार्टमका लागि जिल्ला अस्पताल उदयपुर पठाइएको उनले बताए ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/०४/०८ मा दर्ता भएको **प्रा. लि. नं. २६५२९६** को **मारुशिन सिताका कम्पनी प्रा. लि.** को मिति २०७२/०८/२१ मा सम्पन्न विशेष साधारणसभाको निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः गोपाल खतिवडा (इजाजत नं. ६१५)**
**ठेगानाः का.म.न.पा.-९, काठमाण्डौ**
**सम्पर्कः ९८६३५४२२९०**

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८२/०८/२४**

**लक्युना भेन्चर** को मिति २०८२/०३/०७ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **एमक्युव भेन्चर्स (दार्ता नं. २३७१९६)** कायम गर्ने गरी मिति २०८२/०४/२७ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कुवेतमा रोजगार**
कम्पनी : Wood Wink Company for Clean New buildings After Construction शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०८२/०८/२२ चलानी नं.: ६०२४८६७५ LT. No.: 334909

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 4 | 0 | स. काममा दक्ष | 130 | ६०,८९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुष २ गते (17 December 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt. Lic. No.: 1381/074/075
KANGAROO HUMAN RESOURCES PVT. LTD.
P O box No: 12772, Battisputali-9, Kathmandu, Phone No: 01-4565882, 4565885
9802376740, 9801854401, E-mail : kangaroohumanrec@gmail.com, Web.: www.kangaroohr.com

**युएई र कुवेतमा रोजगार**
कम्पनीः Geco Mechanical & Electrical Ltd. Co. शहरः UAE
पूर्व स्वीकृत मितिः २०८२/०८/२३ चलानी नं.: ६०२४८६४६ LT. No.: 335013

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleanera | 38 | 0 | स. काममा दक्ष | 1000 | ३९,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनीः JUMEIRAH MESSILAH BEACH HOTELS AND SPA शहरः Kuwait
पूर्व स्वीकृत मितिः २०८०/१२/२३ चलानी नं.: ६०२१७९८० LT. No.: 303143 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bell Attendant | 10 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ५६२१४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Chefs | 17 | 20 | | 180 | ८४३२१ | | | | | | | |
| 3. | Housekeeping Attendant | 9 | 10 | | 120 | ५६२१४ | | | | | | | |
| 4. | Receptionist | 5 | 5 | | 180 | ८४३२१ | | | | | | | |
| 5. | Security Guard | 10 | 9 | | 150 | ७०२६७ | | | | | | | |
| 6. | Spa Attendant | 10 | 10 | | 120 | ५६२१४ | | | | | | | |
| 7. | Steward | 8 | 0 | | 120 | ५६२१४ | | | | | | | |
| 8. | Technician | 5 | 0 | | 180 | ८४३२१ | | | | | | | |
| 9. | Therapist | 1 | 1 | | 250 | ११७११२ | | | | | | | |
| 10. | Waiter/ess | 4 | 4 | | 120 | ५६२१४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुष २ गते (17 December 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | युएई नि:शुल्क कुवेत रु. १०,००० |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

LINK INTERNATIONAL PLACEMENT SERVICE
Govt. Lic. No.: 821/066/067
LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.
Basbari Ward No 3, Kathmandu, Tel.: 01-4956654, 4955978, 9802360330
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158 ISO 9001 : 2015

**मलेसियामा रोजगार**
कम्पनी : PERUSAHAAN MEKASSAR SDN BHD शहरः SELANGOR, DARUL EHSAN
पूर्व स्वीकृत मितिः २०८२/०८/२३ चलानी नं.:६०२४८६६६ LT. No: 332324

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Plantation Worker | 20 | 0 | स. काममा दक्ष | 1700 | ५९,४४९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुस २ गते (17 December 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Yacca
श्रम इजाजत नं. १७८/०५७/०५८
याक्का ओभरसिज इम्प्लोइमेण्ट कन्सल्ट प्रा. लि.
महाराजगञ्ज, धारामार्ग, काठमाडौं, नेपाल, फोन नं:४५२९१७६, ४५३२१११., फ्याक्सः ४५३२६६६
मोबाइल नं: ९८०१०३७७६३.

**Sudurpashchim Province Government**
**Ministry of Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**
**Infrastructure Development Office**
**Bajhang**

**Invitation for Bid**

**Date of Publication: 2082/08/24 ( 10-Dec, 2025)**

1. Infrastructure Development Office, Bajhang invites Electronic NCB Bids for the Projects given in the table below.

| S. N. | Contract Identification No | Description of Work | Estimated Amount (NRS.) [Including VAT & PS] | Bid Security Amount (NRs.) | Bid Security Validity Period | Cost of Bid Document (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | IDOBAJHANG/W/NCB/R/82/83-07 | Construction and Upgrading of Masta Bhateli Manakot Sadak,, Masta Rural Municipality-02, Bajhang | 38,84,544.91 | 98,000.00 | 120 days | 3,000.00 |
| 2 | IDOBAJHANG/W/NCB/R/82/83-08 | Construction and Upgrading of Kaphalseri Ganaikhan Road, Bugal Municipality-08, Bajhang | 38,92,451.30 | 98,000.00 | 120 days | 3,000.00 |
| 3 | IDOBAJHANG/W/NCB/R/82/83-09 | Construction and Upgrading Of Rajkot Bhandar Kailash Hudai Binayak Gorkhali Sadak, Jayprithiv Municipality -1,Bajhang | 24,32,246.85 | 61,000.00 | 120 days | 3,000.00 |
| 4 | IDOBAJHANG/W/NCB/R/82/83-10 | Construction and Upgrading of Bhatta Ghar Dilya Mastamandu Pugar Sadak,Jayprithivi Municipality-02,Bajhang | 48,60,459.04 | 1,22,000.00 | 120 days | 3,000.00 |
| 5 | IDOBAJHANG/W/NCB/R/82/83-11 | Construction and Upgrading Of Pankot Padesh Martoli Ballakhan Binayak Gorkhali Thamlekh (Martoli bollakhan Binayak Gorkhali Section),Jayprithivi Municipality-02, Bajhang | 48,66,733.86 | 1,22,000.00 | 120 days | 3,000.00 |

2. Eligible Bidders may obtain further information from *PPMO's website* **www.bolpatra.gov.np/egp**.

**Office Chief**

मध्यान्ह
www.madhyanhadaily.com
२४ मंसिर २०८२ बुधबार
10 December 2025 Wednesday

## सम्पादकीय

# 'निद्रामग्न' प्रहरी आँखा खोल

रौतहटको गौरमा राजनीतिक आवरणमा २८ जनाको सामूहिक हत्या गरिएको दुई दशक बित्यो । तर सो घटना कसरी भयो ? त्यसमा संलग्न को हुन् अझै पनि स्पष्ट भएको छैन । न्यायको खोजीमा भौतारिएका पीडित परिवार समयसँगै थाकिसके । तर अनुसन्धानको सुरुवातसम्म गरिएको छैन । राज्यका निकायको यो तहको बेवास्ता र दण्डहीनताप्रति सर्वोच्च अदालतले प्रश्न उठाएको पनि महिनौं भइसकेको छ । सर्वोच्चले अपराध अनुसन्धानमा निद्राबाट ब्युँझिनसमेत प्रहरीलाई भनेको छ ।

२०६३ चैत ७ गते तत्कालीन मधेशी जनअधिकार फोरम र नेकपा माओवादी पक्षबीचको झडपमा २७ जनाको घटनास्थलमै र थप एक जनाको उपचारका क्रममा मृत्यु भएको थियो । राष्ट्रिय मानवअधिकार आयोगले घटनाबारे केहीपछि नै प्रारम्भिक अध्ययन प्रतिवेदन सार्वजनिक गर्दै अपराधको गहिरो अनुसन्धान गर्न र दोषीमाथि कारबाही गर्न सरकारलाई निर्देशन पनि दिएको थियो । तर संक्रमणकाललाई देखाएर यति ठुलो घटनाबारे न कुनै अनुसन्धान अघि बढाइयो न त अपराधीलाई कानुनी कठघरामा ल्याइयो । दण्डहीनतालाई पूरापुर मलजल गरियो ।

प्रहरीले अनुसन्धान अघि बढाउनु त परको कुरा, जाहेरी लिनसमेत आनाकानी गर्‍यो । हुलाकबाट प्रहरीमा जाहेरी दिएर सर्वोच्च पुगेका त्रिभुवन साहको मुद्दामा सर्वोच्चले अनुसन्धानलाई तत्कालै अघि बढाउन २०८२ भदौ २ गते प्रहरीको नाममा परमादेश दिएको छ । सर्वोच्चको प्रस्ट आदेश छ– कुनै अपराधका सम्बन्धमा जाहेरी परेपछि यथाशीघ्र तहकिकात गरी सबुत–प्रमाण संकलन गर्नुपर्ने व्यवस्था छ । तहकिकातपछि मुद्दा चलाउन प्रमाण नपुगे मुद्दा नचलाउने निर्णय गर्न सकिने एउटा अवस्था हो । तर जाहेरी परिसकेपछि अनुसन्धान गर्दै नगरी निद्रामग्न अवस्थामा रहने छुट कानुनले दिएको देखिँदैन ।

सर्वोच्चको यस्तो आदेशपछि पनि प्रहरीले अनुसन्धान अघि बढाएको छैन । गौर हत्याकाण्डमा संलग्न भनिएका कतिपय नेताहरू तराई–मधेस राजनीतिको केन्द्रमा छन् । उनीहरूलाई अनुसन्धानमा तान्दा अहिलेको संवेदनशील सुरक्षा अवस्थामा प्रतिकूल प्रभाव पर्ने र २१ फागुनको चुनाव प्रभावित हुने प्रहरी बुझाइ देखिन्छ ।

तर सर्वोच्चको हालै सार्वजनिक फैसलाको पूर्णपाठमा भनिएझै जाहेरी परेको यति गम्भीर अपराधको अनुसन्धान नगरी 'निद्रामग्न' बस्ने कानुनी छुट प्रहरीलाई छैन । यो न्याय प्रक्रियाको उपहास मात्र हो । गौर हत्याकाण्ड कुनै सामान्य घटना होइन । अब पनि यो गम्भीर अपराधको अनुसन्धान नगर्ने हो भने त्यो प्रहरीको प्रशासनिक कमजोरी मात्र नभई राज्यप्रति नागरिकको विश्वास तोड्ने काम हुनेछ । अतः प्रहरीले कानुनले दिएको अधिकार प्रयोग गरेर सत्य पत्ता लगाउन, प्रमाण संकलन गर्न र दोषी पत्ता लगाउन तत्कालै अनुसन्धान कार्य अघि बढाउनुपर्छ ।

# मानवअधिकार दिवस र नेपालको सन्दर्भ

*जहाँ कानुनी शासनको सम्मान हुन्छ, त्यहाँ नै मानवअधिकारको प्रत्याभूति हुन्छ । कानुनी शासन र मानवअधिकारको प्रत्याभूति भएको प्रजातन्त्र मात्र वास्तविक प्रजातन्त्र हो ।*

अग्रलेख



● लेखनाथ सिकारू

हरेक वर्षको १० डिसेम्बरमा अन्तर्राष्ट्रिय मानवअधिकार दिवस मनाइन्छ । सन् १९४८ मा संयुक्त राष्ट्रसंघको महासभाले मानवअधिकार घोषणापत्र पारित गरेको ऐतिहासिक दिवसको सम्झनास्वरूप यो दिवस मनाइन्छ । विश्वमा यस मानवअधिकारको घोषणापत्र नै सबैभन्दा भन्दा धेरै भाषामा अनुवादित अनि प्रकाशित घोषणापत्र हो, यस घोषणापत्र ५ सयभन्दा बढी भाषामा अनुवादित अनि प्रकाशित छ ।

मानवअधिकार भन्नाले मानवअधिकार भन्नाले मान्छेले मान्छेलाई मान्छेजस्तो व्यवहार गर्नु हो । या मानवोचित व्यवहारका लागि आवश्यक पर्ने अधिकारको समष्टिगत रूप नै मानवअधिकार हो । मानिसले मानिसकै हैसियतमा मर्यादित भएर बाँच्न आवश्यक पर्ने सबै अधिकारलाई मानवअधिकार भनिन्छ । मानवअधिकारको दायरा व्यापक हुन्छ । मानवअधिकार सर्वमान्य, नैसर्गिक, जन्मसिद्ध, अपहरणीय, अविभाज्य, अपरिहार्य मानवको अधिकार हो ।



पोसिलो खाना पेटभर खान पाउनु, कमसेकम आधारभूत शिक्षा अनिवार्य र निःशुल्क पाउनु, आधारभूत स्वास्थ्य सेवा पाउनु, सबैसरह समान व्यवहार पाउनु, विचार र अभिव्यक्ति स्वतन्त्रता पाउनु, आफूलाई असर पर्ने विषयको निर्णय गर्ने प्रक्रियामा सहभागी हुन पाउनु, पेसा तथा रोजगारी छनोट स्वतन्त्रता आदि मानिसका आधारभूत अधिकार हुन् । मानवअधिकार दिवस मनाउनुको उद्देश्य संसारका सबै मानिसले सुरक्षाको प्रत्याभूति गरून् र भेदभावरहित, स्वतन्त्रतापूर्ण जीवन जिउन सकून् भन्ने हो । मानवअधिकारमा स्वास्थ्य, आर्थिक सामाजिक, शिक्षाको अधिकार पनि पर्छन् ।

मानवअधिकारको रक्षा केवल कानुनले मात्र सम्भव छैन । सरकार, न्यायपालिका, मिडिया, सामाजिक अभियन्ता र नागरिकको सन्तुलित र निरन्तर प्रयास आवश्यक छ । लोकतन्त्र र मानवअधिकार एकअर्काका परिपूरक हुन् । यी दुई अवधारणा आपसमा गहिरो रूपमा जोडिएका छन् । यी दुई दर्शनले नागरिक स्वतन्त्रता, नागरिक सहभागिता र न्याय सुनिश्चित गर्न महत्वपूर्ण भूमिका खेल्छन् । तसर्थ मानवअधिकार कुनै पनि परिधि र सीमाविहीन हुन्छ । जहाँ मानवअधिकारको सम्मान, संरक्षण र पालन सम्भव हुँदैन, त्यहाँ लोकतन्त्रको परिकल्पना गर्नु हुँदैन । मानवअधिकारले केवल व्यक्तिगत जीवनलाई नभई समाजलाई नै सभ्य र सम्मानजनक बनाउँछ । त्यसैले यसको संरक्षण र प्रवर्धन हरेक नागरिकको कर्तव्य हो । विश्वव्यापी रूपमा अधिनायकवाद र प्रणालीगत असफलताहरू बढिरहेको पृष्ठभूमिमा नेपालले अभिव्यक्ति स्वतन्त्रता, महिला र सीमान्तकृत समुदायको न्याय, जबरजस्ती निष्कासन र द्वन्द्वकालीन मुद्दा समाधानमा चुनौतीहरूको सामना गरिरहेको छ । मानवअधिकारका क्षेत्रमा सरकार, न्यायालय, कानुनविद्, न्यायमूर्ति, मानवअधिकारकर्मी, न्यायिक समिति, अर्धन्यायिक निकाय, मिडिया हाउस, पत्रकार सामाजिक अभियन्ताको निरन्तर, सन्तुलित र वस्तुनिष्ठ पहल कदमी आवश्यक छ ।

मानवअधिकारको विश्वव्यापी घोषणापत्रको प्रस्तावनामा नै मानवअधिकार कानुनी शासनद्वारा संरक्षित हुने भनिएको छ । जहाँ कानुनी शासनको सम्मान हुन्छ, त्यहाँ नै मानवअधिकारको प्रत्याभूति हुन्छ । कानुनी शासन र मानवअधिकारको प्रत्याभूति भएको प्रजातन्त्र मात्र वास्तविक प्रजातन्त्र हो । कानुनी शासन, मानवअधिकार र प्रजातन्त्रमा सभ्य राष्ट्र र समाजको प्रतिबिम्ब हुन्छ । कानुनी शासन भनेको यस्तो शासन व्यवस्था हो, जहाँ कानुन कार्यान्वयन गर्ने निकाय र नागरिक दुवै कानुन र आचरणमा बाँधिएका हुन्छन्, त्यो नै उत्कृष्ट प्रजातन्त्रको नमुना र मानवअधिकारको उच्च सम्मान हो । किनभने प्रजातन्त्र, मानवअधिकार र विधिको शासन २१औं शताब्दीको मानव सभ्यताकै संस्कृति भइसकेको छ ।

सन् १९४९ को मानवअधिकारको विश्वव्यापी घोषणापत्रसमेतलाई आधार मानेर समय समयमा मानवअधिकारसम्बन्धी दस्तावेजहरू जारी हुँदै आएका छन् । यीमध्ये आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी प्रतिज्ञा पत्र, १९६६, नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी प्रतिज्ञा पत्र, १९६६, सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी महासन्धि, यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डसम्बन्धी महासन्धि, १९८४, महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि, १९७९ बाल अधिकारसम्बन्धी महासन्धि, १९८९, जस्ता दस्तावेजहरूले मानवअधिकारका विविध पक्षलाई सम्बोधन गरेका छन् । नेपालको संविधान २०७२ को धारा १३ देखि धारा ४८ सम्म मौलिक हकको व्यवस्था गरेको छ । जहाँ सम्मानपूर्वक बाँच्न पाउने, कसैलाई पनि मृत्युदण्डको सजाय नदिने, वैयक्तिक स्वतन्त्रता रहने, शान्तिपूर्वक भेला हुन पाउने, राजनीतिक दल खोल्ने पाउनेजस्ता हकलाई सुनिश्चित गरिएको छ । यसरी नेपालको संविधानले नागरिक तथा राजनीतिक अधिकारसहित आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको संरक्षण तथा संवर्धन गर्दै विधिको शासन कायम गर्ने प्रावधानलाई उच्च प्राथमिकता दिएको छ । समावेशीकरणको नीतिद्वारा सबै वर्ग र समुदायका सीमान्तकृत समुदायलाई राज्यको मूलधारमा ल्याउन पनि संविधानले निर्दिष्ट गरेको छ ।

नेपाल मानवअधिकारको प्रभावकारी कार्यान्वयनका लागि संवैधानिक, कानुनी, नीतिगत, संस्थागत तथा कार्यक्रमगत व्यवस्था गरिनुका साथै युएनको बडापत्र प्रतिबद्धता जाहेर गरेको संयुक्त राष्ट्रसंघीय सन्धि सम्झौतामा पक्ष राष्ट्र बनेर प्रत्यक्ष सहभागिता जनाइरहेको राष्ट्र हो । नागरिक समाज संघसंस्थाहरू तथा मानवअधिकारवादीहरूको पहल र प्रयास रहेको भएता पनि कार्यान्वयन पक्ष फितलो रहँदा मानवअधिकारको विषयले महत्व नभएको वर्तमान सन्दर्भमा मानवअधिकारका विषयमा प्रभावकारी कानुन बनाई लागू गर्ने तथा भएका कानुनहरूको प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्ने देखिन्छ । यसका निम्ति राज्य र नागरिक उत्तिकै चनाखो हुनुपर्ने देखिन्छ ।

नेपालले मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिबद्धता कार्यान्वयन गर्नको लागि स्थापित राष्ट्रिय प्रणालीहरूलाई थप सुदृढ बनाउँदै नेपालको अन्तर्राष्ट्रिय प्रतिष्ठामा वृद्धि गर्न आवश्यक छ । द्वन्द्वको अवधिमा भएका मानवअधिकारका उल्लंघनका घटनाहरूको सन्दर्भमा छानबिन गरी सत्यतथ्य पत्ता लगाउन, समाजमा शान्ति र मेलमिलाप कायम गर्न र मानवअधिकारका गम्भीर उल्लंघनका घटनामा संलग्न व्यक्तिलाई कानुनी कारबाहीको दायरामा ल्याउन सिफारिस गर्नेसमेतको अधिकार प्रदान गरी गठन गरिएका सङ्क्रमणकालीन न्यायिक संयन्त्रहरूले घटनाको सत्य तथ्य छानबिन गर्नु आवश्यक छ । नेपालमा पछिल्ला वर्षहरूमा मानवअधिकारको अवस्था कमजोर बन्दै गएको, द्वन्द्व, हिंसा र आतंकका घटनामा वृद्धि भएको तथा संविधानले सुनिश्चित गरेका अधिकारसमेत पटकपटक उल्लंघन भइरहेको अवस्था छ । अहिले पनि 'विभिन्न राजनीतिक दल, आन्दोलनमा होमिएका युवा र अन्य समूहबिच अझै असमझदारीको अवस्था छ, यस्तो संक्रमणकालीन अवस्थामा मानवअधिकार उल्लंघन बढ्ने देखिन्छ । जेनजीको नाममा भएको दमन होस् या अन्य कुनै ।

हजारौंको संख्यामा घरेलु हिंसाका घटना दर्ता भएका छन् तर सामाजिक कलंकका कारण धेरै घटना बाहिर नआएको अवस्था अझै विद्यमान न छ । खासगरी, दलित महिला र बालिकाहरू जातीय र लैंगिक विभेदको दोहोरो मारमा परेका छन् । अनौपचारिक

> *संविधान, कानुन र अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुरूप आमनागरिकलाई मानवअधिकारको पूर्ण प्रत्याभूति दिलाई मुलुकमा भएको युगान्तकारी परिवर्तनको प्रत्यक्ष अनुभूति दिलाउनु आजको आवश्यकता र समयको माग हो ।*

बस्तीमा बस्ने परिवार जबरजस्ती निष्कासनको जोखिममा परेको छन् । द्वन्द्वकालीन मानवअधिकार उल्लंघन सम्बोधन गर्न अगस्टमा बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन संशोधन पारित भए पनि अपराधको अस्पष्ट परिभाषा र युद्ध अपराधका दोषीलाई उन्मुक्ति दिन सक्ने प्रावधानले यो ऐन अन्तर्राष्ट्रिय मापदण्डअनुरूप नभएको उल्लेख गरिएको छ । हजारौं नेपाली युवा अवैध भर्ना शुल्क र श्रम सुरक्षाबिना खाडी मुलुक र मलेसियामा खतरनाक काममा जान बाध्य छन् । नेपालमा विद्यमान दलाल पुँजीवाद अधिनायकवाद, दण्डहीनता र प्रणालीगत असफलताले गहिरिएको विश्वव्यापी मानवअधिकार संकटलाई उजागर गरेको छ । महिला र बालिकाविरुद्ध हिंसा व्यापक बढेको छ । बालविवाह र छाउपडीजस्ता हानिकारक प्रथाहरू कानुनी निषेधका बाबजुद कायमै रहेको देखिएको छ ।

अतः संविधान, कानुन र अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरूप आमनागरिकलाई मानवअधिकारको पूर्ण प्रत्याभूति दिलाई मुलुकमा भएको युगान्तकारी परिवर्तनको प्रत्यक्ष अनुभूति दिलाउनु आजको आवश्यकता र समयको माग हो । विश्व मानवअधिकार दिवसका अवसरमा अरूको अधिकारको कदर र सम्मान गर्दै आफ्नो अधिकारप्रति सजग र सचेत बन्न प्रेरणा मिलोस् । परस्परमा सद्भाव राखी अधिकार र कर्तव्य दुवै ख्याल गर्न सिकौं । मानव मूल्य, प्रतिष्ठाको जानी नजानी अवमूल्यन हुन नदिने अभियानको सुरुवात आफैंबाट गरौं । आफ्नो र अरूको कसैको मानवअधिकार हनन नहुने सभ्य र विधिसम्मत समाजको लागि आआफ्नो तर्फबाट प्रण गराँ । नीति र कानून कार्यान्वयनको पक्ष बलियो होस्, दोषीलाई राजनीतिक संरक्षण दिने प्रचलनले दण्डहीनताले प्रशय नपाओस् । मानव मूल्य र अधिकारबारे हामी बिच विद्यमान सवालहरूको उत्तर हासिल हुँदै जाउन् । हामीले आफ्नो तर्फबाट पनि मानवअधिकारमैत्री व्यवहारको संकल्प लिऔं, अधिकारसँगै कर्तव्यलाई पनि नभुलौं । समाजमा विद्यमान सबै प्रकारका भेदभावका अन्त्य गरी मुलुकमा जनताको आर्थिक तथा सामाजिक रूपान्तरण कायम गर्न यस दिवसले थप प्रेरणा प्रदान गरोस् मानवअधिकार दिवसको शुभकामना ।

**(लेखक, मानवअधिकार संरक्षण मञ्च (मासम) केन्द्रीय सदस्य हुन् ।)**

## इतिहासमा आज

१० डिसेम्बर १९९९ मा हेलेन क्लार्कले न्युजिल्यान्डको प्रधानमन्त्रीको रूपमा शपथग्रहण गरिन्, उनी यो पदधारण गर्ने दोस्रो महिला र चुनाव पछि पहिलो महिला हुन् ।



१० डिसेम्बर २००५ मा सोसोलिसो एयरलाइन्सको उडान ११४५ नाइजेरियाको पोर्ट हार्कोर्ट अन्तर्राष्ट्रिय विमानस्थलमा दुर्घटनाग्रस्त हुँदा १ सय ८ जनाको मृत्यु भएको थियो ।



१० डिसेम्बर २०१६ मा टर्कीको इस्तानबुलमा फुटबल रंगशालाबाहिर दुई विस्फोट हुँदा ३८ जनाको मृत्यु भएका थिए भने १ सय ६६ जना घाइते भएका थिए ।



१० डिसेम्बर २०१९ मा चेक गणराज्यको ओस्ट्राभा अस्पतालमा भएको आक्रमणमा आठ जनाको मृत्यु भएको थिए । सो घटनामा मारिनेमा स्वयं अपराधी पनि थिए ।




# सम्पत्ति शुद्धीकरण र कारबाही

विचार



● समर शर्मा

> *सम्पत्ति शुद्धीकरण विभागको वास्तविक उद्देश्य भनेकै अवैध आर्थिक कारोबारको नियन्त्रण र शुद्धीकरणको प्रयास गर्नु हो तर राजनीति र प्रशासनमा गडबडीका कारण यसको कार्यसम्पादन कमजोर भइरहेको छ । यस्तो अवस्थामा, समाजका उच्च वर्गका अपराधी सजिलै बच्न सक्छन् भने तल्लो तहका व्यक्ति कानुनी जालोमा फस्ने अवस्था रहन्छ ।*

सम्पत्ति शुद्धीकरण र अनुसन्धान विभाग एक महत्वपूर्ण निकाय हो, जसले अवैध वित्तीय क्रियाकलापको अनुसन्धान र नियन्त्रणमा भूमिका निर्वाह गर्दछ । यो विभाग नेपालको अर्थतन्त्र र समाजमा हुने अवैध आर्थिक गतिविधिहरूको समग्र निगरानी गर्दै, कालो धनलाई सेतो धनमा परिणत गर्ने प्रयासहरूलाई रोक्नमा अग्रणी भूमिका खेल्छ । कालो धन सफा गर्ने प्रक्रिया भनेको अवैध रूपमा प्राप्त धनलाई कानुनी धनका रूपमा प्रस्तुत गर्ने प्रयास गर्नु हो ।

सम्पत्ति शुद्धीकरण विभागको कार्यक्षेत्रमा अवैध तस्करी, भ्रष्टाचार, मादकपदार्थ कारोबार, लागूऔषध ओसारपसार र अन्य अपराधजन्य गतिविधिहरूबाट आर्जित धनको कानुनी जाँच र निगरानीमा पर्दछ । यस्तो अवैध धनको शुद्धीकरण भनेको केवल व्यक्तिको भलाइ मात्र होइन, राष्ट्रको आर्थिक इमानदारी र कानुनी व्यवस्था पनि प्रभावित गर्न सक्छ । त्यसैले, यो विषयमा निर्भीक र निष्पक्ष अनुसन्धानको आवश्यकता छ । जब कुनै अपराधीले अवैध मार्गबाट आम्दानी गरेपछि त्यसलाई सफा गर्न विभिन्न उपाय अपनाउँछन्, त्यसले समाजमा अनैतिक र असमानतालाई प्रोत्साहन गर्दछ ।

लोकतान्त्रिक मुलुकमा कानुनी प्रावधानले नै कुनै पनि व्यक्तिलाई अवैध सम्पत्ति आर्जन गर्न अनुमति दिएका हुँदैनन् । तर कालो धनलाई सेतो बनाउन विभिन्न फर्जी नेटवर्क र कानुनी अड्चन सिर्जना गरिन्छ । यस्तो घटनामा उच्चस्तरीय राजनीतिज्ञ, व्यापारी र प्रशासनिक अधिकारीहरूको प्रत्यक्ष संलग्नता हुने गरेको उदाहरण धेरै छन् । यस्ता भ्रष्टाचारका काण्डहरूमा जस्तै- ललिता निवास जग्गा घोटाला, नेपाल वायुसेवा निगमको जहाज खरिद काण्डजस्ता घटनाले नेपालको कानुनी व्यवस्थामा गम्भीर समस्या उत्पन्न गरेका छन् ।

यसरी, नेपालको राजनीतिक र प्रशासनिक संरचनामा हुने अनियमितता र भ्रष्टाचारका कारण सम्पत्ति शुद्धीकरण विभागको कार्यसम्पादनलाई अवरुद्ध बनाइएको छ । विगतका केही काण्डहरूको अनुसन्धान गर्दा, दोषीलाई कानुनी कारबाहीमा ल्याउने सट्टा उनीहरूलाई राजनीतिक संरक्षण प्रदान गरिएको उदाहरण पाइएको छ । यस्तो व्यवहारले मुलुकको कानुनी प्रणालीमा विश्वास घटाउँछ र भ्रष्टाचारलाई प्रोत्साहन गर्छ ।

नेपालको कानुनी प्रणालीलाई आलोचना गर्नेहरूका अनुसार यहाँ ठुला अपराधी सजिलै उम्कन्छन् भने साना अपराधीले मात्र सजाय पाउँछन् । मुलुकका उच्च राजनीतिक तहका व्यक्तिहरूले 'सत्तामा रहनका लागि' छोटो समयका लागि आफ्नो विरोधीलाई फसाउन र आफूलाई जोगाउन प्रवृत्ति हुँदै आएका छन् । यो प्रक्रियाले समाजमा विश्वासको संकट ल्याउँछ र भ्रष्टाचारका काण्ड सधैं अनुत्तरित रहन्छन् । यस्ता उदाहरणहरूले भने स्पष्ट रूपमा देखाउँछन् कि मुलुकमा न्यायिक प्रणालीको सशक्त सञ्चालन आवश्यक छ ।

सम्पत्ति शुद्धीकरण विभागको वास्तविक उद्देश्य भनेकै अवैध आर्थिक कारोबारको नियन्त्रण र शुद्धीकरणको प्रयास गर्नु हो तर राजनीति र प्रशासनमा गडबडीका कारण यसको कार्यसम्पादन कमजोर भइरहेको छ । यस्तो अवस्थामा, समाजका उच्च वर्गका अपराधी सजिलै बच्न सक्छन् भने तल्लो तहका व्यक्ति कानुनी जालोमा फस्ने अवस्था रहन्छ । यसरी, सम्पत्ति शुद्धीकरण विभागको कार्य निष्पक्ष र निष्कलंक हुन आवश्यक छ ।

देशको समग्र अर्थव्यवस्था र समाजको संरचनामा सकारात्मक परिवर्तन ल्याउन, राजनीतिक दल र नेतृत्वले गम्भीर जिम्मेवारीका साथ अवैध गतिविधिको नियन्त्रण गर्नुपर्छ । सत्तामा रहेका व्यक्तिहरूले आफ्ना स्वार्थभन्दा राष्ट्रको हितमा निर्णय लिनुपर्छ । 'विधिको शासन' सुनिश्चित गर्न सम्पत्ति शुद्धीकरण विभागले निर्भीक र निष्पक्ष अनुसन्धान गर्न अत्यन्तै महत्वपूर्ण छ । यस प्रक्रियामा कुनै प्रकारको पक्षपाती व्यवहारले अन्यथा मुलुकको विश्वासघात हुनेछ ।

नेपालको कानुनी प्रणालीलाई प्रभावकारी बनाउन दोषीलाई कारबाही गर्ने अवस्था बनाउन आवश्यक छ । विभागको कार्यक्षमता र प्रभावकारिता राम्रो बनाउन सरकार र न्यायपालिकाले आपसमा समन्वय गरेर अवैध आर्थिक क्रियाकलापको नियन्त्रण र कारबाहीको दायित्व पूरा गर्नुपर्छ । यसले मात्रै समाजमा न्याय र समानता स्थापित गर्न मद्दत पुर्‍याउनेछ ।

सुरुमा सकारात्मक उद्देश्यका साथ स्थापना गरिएको सम्पत्ति शुद्धीकरण विभागले यदि आफ्नो अधिकारलाई निष्पक्ष र निर्भीक रूपमा कार्यान्वयन गरेमा, मुलुकको समृद्धि र आर्थिक प्रगति सम्भव हुन्छ । त्यसैले, यसको कामकाजी प्रक्रियामा सुधार र न्याय सुनिश्चित गर्न जरुरी छ । यदि कुनै दिन सरकार वा अन्य उच्च निकायले भ्रष्टाचारलाई बचाउने काम गर्न थाल्दछ भने त्यसले देशको न्यायिक व्यवस्था र कानुनी प्रणालीमा गम्भीर संकट ल्याउनेछ । यस्ता घटनाहरूको पुनरावृत्ति रोक्न निरन्तर प्रयास गर्नु आवश्यक छ ।

## सामाजिक सञ्जाल



**सूर्यराज आचार्य**

घरको नक्सा बनाउँदा सोचविचार नगरी 'ल्याङफ्याङ' शैली अपनायो भने घर बनेपछि भित्ता फोड्नुपर्ने, कहिलेकाहीँ त घरै भत्काउनुपर्ने अवस्था आउँछ । देशको भौतिक विकासको कुरा पनि यस्तै हो । योजनाबिना गरिएको निर्माण भत्काउनुपर्ने हुन सक्छ, जुन व्यक्ति र समाज दुवैका लागि घाटाको कुरा हो ।



**मनिषलाल चुके**

दलहरूको संस्थागत भ्रष्टाचारको चरम उदाहरण हो यो आयोजना । दलहरूको मुखियाहरूको निर्देशनमा हुने यस्ता भ्रष्टाचारजन्य अपराधलाई संस्थागत भ्रष्टाचार किन नभन्ने ? मुछिएका सबै दललाई भ्रष्टाचारी दल किन नभन्ने ? भ्रष्टाचारी दल देश हाँक्न योग्य ठहर्छ ? खै यता ध्यान ?



**सेतेमान तामाङ**

प्रतिनिधि सभाको निर्वाचन उन्मुख भएको बेलामा संसद् पुनर्स्थापनाको माग राखी सर्वोच्च अदालत जानु जनादेशविपरीत मात्र नभई लोकतन्त्रको हत्या गर्ने प्रयत्न हो । सर्वोच्च अदालतले चाँडै फैसला गर्नुपर्छ । निर्वाचनलाई अन्यौल बनाएर देशलाई अस्थिर र द्वन्द्वमा फसाउन पाइँदैन ।



**केवल किरण**

लोकतन्त्रको वैधता र स्थिरताका लागि सुशासन, सेवा वितरण र नतिजा अहं हुन् । प्रभावकारी शासन र सहज सेवा प्राप्तिले सामाजिक सम्झौताको नवीकरण, लोकतन्त्रप्रति समर्थन एवं सत्ता र स्थापित प्रणालीको वैधता मात्र होइन पश्चगमन पनि रोक्छ । शासनले लामो समयदेखि सायद यिनै विषयलाई उपेक्षा गरिरहेको छ ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । – सं.

# मदेइरा घुम्ती शिविरबाट सय जना नेपालीले लिए सेवा



**भरत प्रधान/मध्यान्ह**
लिस्बन, २३ मंसिर

पोर्चुगलको सामुद्रिक टापु 'मदेइरा'मा सञ्चालित घुम्ती शिविरबाट १ सय नेपालीले सेवा लिएका छन् ।

लिस्बनस्थित नेपाली दूतावासको टोलीले मदेइरा आइल्यान्डको फुन्चालमा सञ्चालन गरेको राहदानी नवीकरण तथा कागजात प्रमाणीकरण 'कन्सुलर' सम्बन्धी दुईदिने घुम्ती शिविरबाट एक सय नेपालीले सेवा लिएका हुन् ।

घुम्ती सेवाबाट १५ जनाको प्रहरी चारित्रिक प्रमाणपत्र (प्रहरी रिपोर्ट) सहित अन्य कागजात प्रमाणीकरण, ८१ जनाको राहदानी आवेदन र ४ जनाको राहदानी वितरण गरी कुल एक सय सेवाग्राही नेपालीले सेवा लिएको दूतावासका प्रथम सचिव रामबाबु नेपालले जानकारी दिए ।

उनका अनुसार शिविरबाट ७५ जनाको राहदानी नवीकरण, २ जनाको हराएको राहदानी र ४ बालबालिकाको नयाँ राहदानी गरी कुल ८१ जनाको विद्युतीय राहदानी (ई-पासपोर्ट) का लागि जैविक विवरणसहितको आवेदन संकलन गरिएको छ ।

शिविरबाट करिब ११ हजार युरो अर्थात् १८ लाख ४० हजार रुपैयाँ राजस्व संकलन भएको नेपालले बताए ।

शनिबार र आइतबार गरी दुई दिनसम्म सञ्चालन भएको शिविरमा राहदानीको म्याद सकिएका, राहदानीको म्याद ६ महिना भन्दा कम भएका, क्षति भएका, हराएका र बालबालिकाको विद्युतीय राहदानीका लागि आवेदन संकलन गरिएको थियो । यस्तै, तयार भएको राहदानी वितरण, प्रहरी रिपोर्ट लगायतका अन्य कागजात प्रमाणीकरण तथा अधिकृत वारेसनामा प्रमाणीकरणलगायतका 'कन्सुलर' सेवा प्रदान गरिएको थियो । दूतावासले मदेइरा टापुमा पहिलोपटक घुम्ती शिविर सञ्चालन गरेको हो । यसअघि गत महिना पनि दूतावासले पोर्चुगलको फारो सहरमा घुम्ती शिविर सञ्चालन गरेर २ सय नेपालीलाई सेवा दिएको थियो ।

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७६/०५/२३ मा दर्ता भएको **प्रा.लि. नं. २२३७३६** को **घुम्ती टेक्नोलोजिज प्रा. लि.** को मिति २०८२/०८/२३ मा सम्पन्न विशेष साधारणसभाको निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः गोपाल खतिवडा (इजाजत नं. ६१५)**
**ठेगानाः का.म.न.पा.-९, काठमाण्डौ**
**सम्पर्कः ९८६३५४२२९०**

## कुवेतमा रोजगार

कम्पनीः LAMASAT DAFFODIL LADIES BEAUTY SALON — शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०८२/०८/२३ — चलानी नं.: ६०२४८६६० — LT. No.: 334996

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hairdresser | 0 | 2 | सम्बन्धित काममा दक्ष | 150 | ७०,२६७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Beautician/ Manicure Pedicure | 0 | 3 | सम्बन्धित काममा दक्ष | 150 | ७०,२६७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुष २ गते (17 December 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**SUPREME OVERSEAS PVT. LTD.** Govt. Lic. No. 301/059/60
Koteshwor-32, Kathmandu, Nepal, Phone: +977-1-4610716, 986-0133262.
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com, Web: www.supremeoverseas.com.np

## कुवेतमा रोजगार

कम्पनी : BADER CONSTRUCTION GROUP FOR GENERAL TRADING & CONTRACTING — शहर : KUWAIT
पूर्व स्वीकृत मितिः २०८२/०८/२२ — चलानी नं.: ६०२४८६४१ — LT. No.:334940

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Outdoor Labours | 50 | 0 | स. काममा दक्ष | 95 | ४४,५०२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : WINELSON LIFE CENTRE WOMEN'S HEALTH INSTITUTE COMPANY — शहर : KUWAIT
पूर्व स्वीकृत मितिः २०८२/०८/२२ — चलानी नं.: ६०२४८६४२ — LT. No.:334986

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Therapist | 0 | 7 | स. काममा दक्ष | 170 | ७९,६३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुस २ गते (17 December 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**VARSHA MANPOWER PVT. LTD.**
Lic No.: 954/067/068
Basundhara, Kathmandu, Nepal, Tel : 01-5906944, 5908044.
Email: info@varshanepal.comWebsite: www.varshanepal.com

## कतारमा रोजगारको अवसर

कम्पनीः MONASTIC CLEANING & CONTRACTING WLL — शहरः QATAR,DOHA
पूर्व स्वीकृत मितिः २०८०/१२/०६ — चलानी नं.: ६०२१६८५१ — L.T. No.: 301901 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Supervisior | 0 | 1 | स. काममा दक्ष | 2500 | ९८,६७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुष २ गते (17 December 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**JALAJALA RECRUITMENT PVT. LTD.**
Tokha -7, Kathmandu, Nepal, Tel: 4350257, 4350900, 9849007152
Email: jalajalarecru2017@gmail.com, Web.:www.jalajalarecruitment.com
Gov. Lic No. 1224/074/075

# लक्ष्मी सनराइज बैंक लिमिटेडको ऋण कर्जा चुक्ता भुक्तानी गर्ने गराउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८२/०८/२४

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले बैंकसँग गरेको सम्झौता बमोजिम उपभोग गरेको **विप्रेषण/विभिन्न शिर्षकमा आधारित बिना धितोका कर्जा**को बक्यौता रकम तिरी बुझाई कर्जा नियमित गर्नको लागि तहाँ ऋणी तथा जमानतकर्तालाई पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी कर्जा नियमित नगर्नु नगराउनु भएको तथा बक्यौता रकम चुक्ता फछ्यौंट गर्ने तर्फ कुनै चासो नदेखाउनु भएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएकोछ । अतः यो सुचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र कर्जाको सम्पूर्ण बक्यौता रकम (साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत) तिरी बुझाई कर्जा नियमित गर्न गराउनको लागि ऋणी लगायत सम्वन्धित सवै पक्षलाई यसै सूचनाद्धारा सूचित गरिन्छ ।

उल्लेखित समयावधि भित्र कर्जाको सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तानी नगरे नगराएमा ऋणी लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्नुपर्ने पक्षहरुलाई बिना अन्य सूचना कालोसूचीमा नाम समावेश गर्न सिफारिस गरिने तथा प्रचलित कानुन बमोजिम कर्जा असुल उपर गरि लिने लगायत सम्वन्धित पक्षको हकलाग्ने परिवारका सदस्यहरुको अन्य जायजेथाबाट समेत कर्जा असुल उपरको लागि आवश्यक कानुनी प्रक्रिया अवलम्बन गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.सं. | विवरण | नाम | ना.प्र.प.नं. | बाबु/पति | बाजे/ससुरा | ठेगाना |
|---|---|---|---|---|---|---|
| **शाखा कार्यालय : विरगंज लिंकरोड, पर्सा** | | | | | | |
| १ | ऋणी | रफिक मिया हजाम | १६०३१८८५२ | अलि महमद मिया हजाम | बल्दीन मिया | बीरगंज - २, पर्सा |
| | जमानतकर्ता | सईयाद मिया हजाम | ३४१०२२/१५४९९ | रफिक मिया हजाम | अलि महमद मिया हजाम | बीरगंज - २, पर्सा |
| २ | ऋणी | सरस्वती देवी | ३३१०६५/१६४३२ | भोला महतो नुनिया | स्वरुप महतो नुनिया | बडकी फुलवरीया-७, बारा |
| | जमानतकर्ता | राजु महतो नुनिया | ३३-०१-७३-०६४१० | भोला महतो नुनिया | स्वरुप महतो नुनिया | बडकी फुलवरीया-७, बारा |
| **शाखा कार्यालय : सानेपा खरीबोट, ललितपुर** | | | | | | |
| १ | ऋणी | अनिशा शर्मा | ४३८१९ | टिकाराम शर्मा घोरासाइने | मायानाथ घोरासाइने | कमलामाई न.पा. ७ सिन्धुली, हाल का.म.न.पा. ०५ काठमाडौं |
| | जमानतकर्ता | अस्मिता शर्मा | २०-०१-६९-०१३५७ | टिकाराम शर्मा घोरासाइने | मायानाथ घोरासाइने | कमलामाई न.पा. ७ सिन्धुली, हाल का.म.न.पा. ०५ काठमाडौं |
| **शाखा कार्यालय : जितपुर, बारा** | | | | | | |
| १ | ऋणी | गुलसन आरा | ३४१०१३/१८२ | अमानुलाह अंसारी | बराहि मिया | वेलवा गा.वि.स ३ हाल जितपुर बिरगंज उ.म.न.पा. ३१ पर्सा |
| | जमानतकर्ता | तहिर मिया अंसारी | ३४१०१३/१७ | काशिम मिया अंसारी | समसुदिन मिया | वेलवा गा.वि.स ३ हाल जितपुर बिरगंज उ.म.न.पा. ३१ पर्सा |
| **शाखा कार्यालय : हेटौडा, मकवानपुर** | | | | | | |
| १ | ऋणी | पवित्रा कार्की | ३११०२०/८७७४९ | श्री कृष्ण भक्त भण्डारी क्षेत्री | तोय बहादुर कार्की | हाँडीखोला गा.बि.स २, हाल मनहरी गा.पा. ०१, मकवानपुर |
| | जमानतकर्ताहरु | पार्वती अधिकारी | ६२५७ | श्री तिलक प्रसाद ओझा | श्री सुर्य कान्त ओझा | हाँडीखोला गा.बि.स २, हाल मनहरी गा.पा. ०१, मकवानपुर |
| | | लाल कुमारी आचार्य | २७१७ | श्री राम प्रसाद आचार्य | टंक प्रसाद आचार्य | हाँडीखोला गा.बि.स २, हाल मनहरी गा.पा. ०१, मकवानपुर |
| | | सिता थापा | ३०५४ | श्री कुमार थापा | श्री राम बहादुर थापा | हाँडीखोला गा.बि.स २, हाल मनहरी गा.पा. ०१, मकवानपुर |
| | | शान्ति भण्डारी | ४४/२९४०६ | श्री सानु कान्छा भण्डारी | श्री कृष्ण बहादुर भण्डारी | कालिकाटार गा.बि.स ०२, हाल मनहरी गा.पा. ०१ मकवानपुर |
| **शाखा कार्यालय : पुरानो बानेश्वर, काठमाडौं** | | | | | | |
| १ | ऋणी | सुरेश कुमार मण्डल | १६१००९/१४ | भरत मण्डल | मिश्री लाल मण्डल | सप्तरी, कंचनपुर १ |
| **शाखा कार्यालय : मिर्चैया, सिरहा** | | | | | | |
| १ | ऋणी | जुमेदा खातुन | १५३०९८/२१३ | असर्फी मिया/इदलिस मिया | ओलिम मिया | सिकोन गा.वि.स. २, हाल मिर्चैया न.पा. १२ सिरहा |
| | जमानतकर्ता | मो अवास | १५-०१-७६-०८६३४ | मो इदरिस मिया | ओलिम मिया | मिर्चैया न.पा वडा नं. १२, सिरहा |
| २ | ऋणी | शरमिला सदा | १५-०१-७९-०९१६६ | बिनोद सदाय | विन्दा सदाय | सुखिपुर गा.वि.स./न.पा ६ हाल गोलबजार न.पा. १२ सिरहा |
| | जमानतकर्ता | बिनोद सदाय | १५१०५३/१६१४३ | विन्दा सदाय | गोसाइ सदा | सुखिपुर गा.वि.स./न.पा ८, हाल गोलबजार न.पा. १२ सिरहा |
| ३ | ऋणी | विना कुमारी सदा | १५-०१-७६-११३४० | सोनफी सदा/लाल कुमार सदा | बदरी सदा | मिर्चैया न.पा. वडा नं. ११ सिरहा |
| | जमानतकर्ता | सुर्व सदा | १५-०१-६९-०४१३० | बदरी सदा | सुर्व सदा | सितापुर प्र.रा. गा.वि.स. ०१ हाल मिर्चैया न.पा. ११ सिरहा |
| ४ | ऋणी | गुलाब देबि सदा | १५३०९१/१२०६ | जुगेश्वर सदा | मखना सदा | फलबरिया गा.वि.स./न.पा ३ हाल मिर्चैया न.पा. ०९ सिरहा |
| | जमानतकर्ता | प्रमोद सदा | १५-०१-७४-१२३०३ | जुगेश्वर सदा | मखना सदा | मिर्चैया न.पा./गा.पा. वडा नं. ०९ सिरहा |
| **शाखा कार्यालय : दमक, झापा** | | | | | | |
| १ | ऋणी | दिलिप विश्वकर्मा दुधराज | ८५२४५३३२ | प्रेम बहादुर विश्वकर्मा | धन बहादर विश्वकर्मा | शिवसताक्षी गा.वि.स वडा नं. ०८ झापा |
| | जमानतकर्ता | गोविन्द दुधराज | ०४-४०४७ | प्रेम बहादुर विश्वकर्मा | धन बहादर विश्वकर्मा | शिवसताक्षी गा.वि.स ०८, झापा हाल यु.ए.ई देशको स्थित Muweillla राज्य/सहरको TRANSGUARD Group Lic कम्पनी संस्थामा कार्यरत |
| **शाखा कार्यालय : हिले, धनकुटा** | | | | | | |
| १ | ऋणी | पिक माया अधिकारी | १३८४ | भिम बहादुर अधिकारी/ जित बहादुर कार्की | शेर बहादुर अधिकारी/ हेम बहादुर कार्की | तेलिया, ०८ धनकुटा, हाल, छथर जोरपाटी, ०१ धनकुटा |
| | जमानतकर्ता | जित बहादुर कार्की | ११६ | हेम बहादुर कार्की | खड्ग बहादुर कार्की | हात्तिखर्क, ०७ धनकुटा, हाल, छथर जोरपाटी, ०१ धनकुटा |
| | सामुहिक जमानतकर्ताहरु | भिमा देवी कार्की | १३२/३०८ | जहर सिं थापा/चमक बहादुर कार्की | करविर थापा/ रण बहादुर कार्की | हात्तिखर्क, ०५ धनकुटा, हाल, छथर जोरपाटी, ०१ धनकुटा |
| | | मंगले लीम्बू | १२ | पूर्ण बहादुर लीम्बू | नर बहादुर लिम्बु | हात्तिखर्क, ०५ धनकुटा, हाल, छथर जोरपाटी, ०१ धनकुटा |
| | | ईन्द्रमाया कटुवाल | २२९३१ | चक्र बहादुर आचार्य/ टेक बहादुर कटुवाल | गन्ज बहादुर कटुवाल | हात्तिखर्क, ०१ धनकुटा, हाल, छथर जोरपाटी, ०१ धनकुटा |
| | | लोकेन्द्र कार्की | ५५८ | मान बहादुर कार्की | हेम बहादुर कार्की | हात्तिखर्क, ०७ धनकुटा, हाल, छथर जोरपाटी, ०१ धनकुटा |

**नोटः** ऋणी बाहेकका व्यक्तिहरुको नाम निजहरुलाई चिनाउने प्रयोजनका लागि मात्र राखिएको हो ।

लक्ष्मी सनराइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited

लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाडौं
फोन नं.: ५९७०६८४, ४२१७०७०
Email: info@laxmisunrise.com
URL : www.laxmisunrise.com

## धोबिनी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**लंगडी, पर्सा**
**मधेश प्रदेश, नेपाल**

### भुल सुधार

**प्रकाशन मितिः २०८२/०८/२४ गते**

मिति २०८२/०८/२३ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित यस धोबीनी गाउँपालिकाको करार सेवामा कर्मचारी पदपूर्ति सम्बन्धी सूचनामा प्रकाशित मिति २०८२/०८/२३ गते हुनुपर्नेमा अन्यथा भएकोले भुल सुधार गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/०८/२४**

**बि एण्ड के इन्टरटेन्मेन्ट प्रा. लि.** को मिति २०७२/०८/१० गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **प्याराडक्स फिल्म्स प्राइभेट लिमिटेड (प्रा.लि नं. १३४५६९)** कायम गर्ने गरी मिति २०८२/०८/१४ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

NIC ASIA
एन आई सी एशिया बैंक लि.

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालयः ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्सः +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१ (NTC) १८१०-२१-७७७७१ (NCELL)
सुझावको लागिः FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
पाटन शाखा, पाटन नगरपालिका, बैतडी
सम्पर्क फोनः +०९५-४००११/१२

### निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना

लिखितम् श्री धरम सिँह बिष्टको नाति, नर बहादुर बिष्टको छोरा, सुदुरपश्चिम प्रदेश बैतडी जिल्ला, पाटन नगरपालिका वडा नं. ०६ हाल पाटन-०६ बस्ने ५९ वर्षको श्री प्रेम सिँह बिष्टको मिति २०८२/०७/०६ (ई.सं. २३/१०/२०२५) मा मृत्यु भएकोले स्व. प्रेम सिँह बिष्टकी पत्नी हाल पाटन-०६ बस्ने श्रीमती रत्ना देबि बिष्टले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको पाटन शाखा, पाटन नगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

28 Years of Excellence — बैंक पनि, साथी पनि — राम्रो पनि, हाम्रो पनि

---

NIC ASIA
एन आई सी एशिया बैंक लि.

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालयः ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्सः +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१ (NTC) १८१०-२१-७७७७१ (NCELL)
सुझावको लागिः FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
जनकपुर शाखा, जनकपुर उप-महानगरपालिका
सम्पर्क फोनः +९७७-०४१-५९०५७०/७१

### निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना

लिखितम् श्री रँम सेवक राउतकी छोरी, देवजी राउतकी बूहारी मधेश प्रदेश, धनुषा जिल्ला, घोडघास गा.वि.स वडा नं. ४, मा स्थायी ठेगाना भई हाल मधेश प्रदेश, धनुषा जिल्ला, नगराइन न.पा. वडा नं. ९ मा बस्ने बर्ष ३६ की श्रीमती रिता देवी राउतको मिति २०८२/०७/०३ (ई.सं. २०/१०/२०२५) मा मृत्यु भएकोले स्व. रिता देवी राउतको पति मधेश प्रदेश, धनुषा जिल्ला, घोडघास गा.वि.स. वडा नं. ४ बस्ने श्री जितेन्द्र कुमार राउतले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको जनकपुर शाखा, जनकपुर उप-महानगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

28 Years of Excellence — बैंक पनि, साथी पनि — राम्रो पनि, हाम्रो पनि

---

NIC ASIA
एन आई सी एशिया बैंक लि.

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालयः ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्सः +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१ (NTC) १८१०-२१-७७७७१ (NCELL)
सुझावको लागिः FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
लोहारपट्टी शाखा, लोहारपट्टी नगरपालिका-०६, महोत्तरी
सम्पर्क फोनः +९८०१९८२०५०

### निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना

लिखितम् श्री धनुखी चमारको नातिनी, अर्सफी चमारकी छोरी, मधेस प्रदेश महोत्तरी जिल्ला, लोहारपट्टी नगरपालिका वडा नं. ०२ हाल मधेपुरा बस्ने ५३ वर्षकी श्रीमति राम सुनर देवीको मिति २०८१/११/०९ (ई.सं. २१/०२/२०२५) मा मृत्यु भएकोले राम सुनर देवीको पति हाल लोहारपट्टी नगरपालिका-०२ (मधेपुरा) बस्ने श्री बहूरा महरा चमारले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको लोहारपट्टी शाखा, लोहारपट्टी नगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

28 Years of Excellence — बैंक पनि, साथी पनि — राम्रो पनि, हाम्रो पनि

---

NIC ASIA
एन आई सी एशिया बैंक लि.

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालयः ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्सः +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१ (NTC) १८१०-२१-७७७७१ (NCELL)
सुझावको लागिः FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
भगवानपुर शाखा, भगवानपुर गाउँपालिका, सिरहा
सम्पर्क फोनः +९८०१९८२०५६/९८५२८५८५५०

### निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना

लिखितम् श्री असर्फी दासको नाति, बर्ज नारायण दासको छोरा, मधेश प्रदेश सिरहा जिल्ला, भगवानपुर गाउँपालिका वडा नं. ४ हाल भगवानपुर बस्ने ६१ वर्षको श्री सुनिल कुमार कर्णको मिति २०८२/०५/१३ (ई.सं. २९/०८/२०२५) मा मृत्यु भएकोले स्व. सुनिल कुमार कर्णको पत्नी हाल भगवानपुर वडा नं.- ४ बस्ने श्रीमती अर्चना देवीले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको भगवानपुर शाखा, भगवानपुर गाउँपालिका, सिरहामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

28 Years of Excellence — बैंक पनि, साथी पनि — राम्रो पनि, हाम्रो पनि

---

NIC ASIA
एन आई सी एशिया बैंक लि.

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालयः ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्सः +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१ (NTC) १८१०-२१-७७७७१ (NCELL)
सुझावको लागिः FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
महादेवबेसी शाखा, थाक्रे गाउँपालिका-६, धादिङ
सम्पर्क फोनः +९७७-१०-४१५१०१/०२

### निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना

लिखितम् श्री भुमिनन्द अर्यालको नाति, बालकृष्ण अर्यालको छोरा, बागमति प्रदेश, धादिङ जिल्ला, थाक्रे गाउँपालिका वडा नं. ०३ हाल नौकिल्ला - ०६ बस्ने ६६ वर्षको श्री उत्तम प्रसाद अर्यालको मिति २०८२/०७/१७ (ई.सं. ०३/११/२०२५) मा मृत्यु भएकोले स्व. उत्तम प्रसाद अर्यालकी पत्नी हाल नौकिल्ला - ०६ बस्ने श्रीमती सिता अर्यालले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको महादेवबेसी शाखा, थाक्रे गाउँपालिका-६, धादिङमा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

28 Years of Excellence — बैंक पनि, साथी पनि — राम्रो पनि, हाम्रो पनि

---

NIC ASIA
एन आई सी एशिया बैंक लि.

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालयः ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्सः +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१ (NTC) १८१०-२१-७७७७१ (NCELL)
सुझावको लागिः FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
हाटखोला शाखा, विराटनगर महानगरपालिका, विराटनगर
सम्पर्क फोनः +०२१-४४२२३०

### निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना

लिखितम् श्री श्री प्रसाद दाहालको नातिनी, दिब्यराज दाहालको छोरी, कोशी प्रदेश मोरङ जिल्ला, विराटनगर महानगरपालिका वडा नं. ०८ हाल हाटखोला-०८ बस्ने ६५ वर्षकी श्रीमती कल्पना शर्मा नेपालको मिति २०८२/०७/०६ (ई.सं. २३/१०/२०२५) मा मृत्यु भएकोले स्व. कल्पना शर्मा नेपालको छोरा हाल विराटनगर-०८ बस्ने श्री मनिष नेपालले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको हाटखोला शाखा, विराटनगर महानगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

28 Years of Excellence — बैंक पनि, साथी पनि — राम्रो पनि, हाम्रो पनि

---

NIC ASIA
एन आई सी एशिया बैंक लि.

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालयः ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्सः +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१ (NTC) १८१०-२१-७७७७१ (NCELL)
सुझावको लागिः FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
जनकपुर शाखा, जनकपुर उप-महानगरपालिका
सम्पर्क फोनः +९७७-०४१-५९०५७०/७१

### निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना

लिखितम् श्री मिश्री मण्डलको नाति, सीताराम मण्डलको छोरा, मधेश प्रदेश, सिराहा जिल्ला, लगडा गोठ गा.वि.स वडा नं. ३ स्थायी ठेगाना भई हाल मधेश प्रदेश, सिराहा जिल्ला, सिराहा न.पा. वडा नं. २१ बस्ने बर्ष ५४ को श्री उमेश मंडलको मिति २०८२/०४/१८ (ई.सं. ०३/०८/२०२५) मा मृत्यु भएकोले स्व. उमेश मंडलको पत्नी मधेश प्रदेश, सिराहा जिल्ला, लगडा गा.वि.स. वडा नं. ३ बस्ने श्रीमति मन्जु देविले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको जनकपुर शाखा, जनकपुर उप-महानगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

28 Years of Excellence — बैंक पनि, साथी पनि — राम्रो पनि, हाम्रो पनि

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

२४ मंसिर २०८२ बुधबार
10 December 2025 Wednesday

# राधा, घनेन्द्र र सन्तोषले ल्याए 'नसोधी'



**काठमाडौं/मस–** मध्य मंसिर, बढ्दो चिसो । काठमाडौं क्रमश: सेलाउँदै गएको छ । जाडो बढ्दै गएको छ । यस्तै ठिहिरो दिन थियो २२ मंसिर २०६५ । त्यो दिन नेपाली साहित्यका एक जोडीले नयाँ जीवनको सहयात्राको कसम खाएका थिए ।

कवि, गजलकारद्वय राधा कणेल र घनेन्द्र ओझाले सोही दिन विवाह गरेका थिए । विवाहकै दिन साहित्यिक सहयात्राको चिनो गजलसंग्रह 'बाटो अझै छ बाँकी' संयुक्त रूपमा प्रकाशन गरेका थिए। विवाहलाई नै कृति प्रकाशनबाट सिर्जनशील बनाएको यो जोडीले विवाहको १८औं वर्षगाँठ पारेर 'नसोधी' गजल एल्बम ल्याएको छ।

विश्व कीर्तिमानी संगीतकार सन्तोष श्रेष्ठको एकल संगीत र स्वर रहेको एल्बममा राधाका २ र घनेन्द्रका ३ वटा गजल छन् । एल्बमका प्रस्तुतकर्ता अहिले चर्चित र लोकप्रिय रहेको उपन्यास 'नीलो प्रेम'का लेखक पुरुषोत्तम बजगाईं हुन् । सोमबार काठमाडौंमा आयोजित एल्बम लोकार्पण कार्यक्रममा कवि एवं समालोचक प्रा.डा. देवी नेपालले राधा र घनेन्द्रलाई स्रष्टाका रूपमा धेरै अगाडिदेखि चिनेको र उनीहरूको सिर्जनशील सहकार्य जीवनको पनि सहकार्यमा परिणत भएको भन्दै खुसी व्यक्त गरे । नेपालले सिर्जनामा दुवै स्रष्टा सशक्त रहेका र सांगीतिक सहकार्यमा विश्व कीर्तिमानी संगीतकार तथा गायक सन्तोष श्रेष्ठ जोडिएपछि नेपाली गजल गायनले समेत तीव्रता लिएको बताए ।

गजलकार तथा आख्यानकार नेपाल सरकारका पूर्वमुख्य सचिव एवं क्यानडाका लागि पहिलो नेपाली राजदूत डा. भोजराज घिमिरेले राधा, घनेन्द्र र सन्तोषले कसैलाई नसोधी नै सिर्जनशील कामहरू गरिरहेका भन्दै प्रशंसा गरे । नेपाली गजल लेखन र गायन दुवैमा परिष्कारतर्फ बढेको र केही समयमा सुन्दर र सशक्त गजलहरू गायनमा आउने विश्वास व्यक्त गरे ।

संगीतकार तथा गायक सन्तोष श्रेष्ठले घनेन्द्र ओझा र आफू 'नेपाली गजल गायनको स्वर्ण दशक, वि. सं. २०८०-२०९०' अभियानमा रहेका र सो अभियानअन्तर्गत देशभर दर्जनभन्दा बढी प्रत्यक्ष गजल गायनका कार्यक्रम भइसकेका भन्दै 'नसोधी' एल्बम यस अभियानको पहिलो एल्बम भएको सुनाए । उनले अभियानमा सबै गजलप्रेमी, संगीतप्रेमीलाई जोडिन अनुरोध पनि गरे ।

गजलकार राधा कणेलले पछिल्लो समय गजल संगीतमा देखिएको सन्तोष श्रेष्ठको लगाव र सक्रियताले नेपाली गजलले उचाइ लिने बताइन् । गजलकार ओझाले वि.सं. २०८०-२०९० लाई नेपाली गजल गायनको साँच्चै स्वर्ण दशक बनाउन लागिपरेको सुनाए । यसै मेसोमा राजधानी र प्रदेशहरूमा समेत गायनका कार्यक्रम गरिरहेको बताए । उनले केही महिनामै राधा कणेल, रश्मि असफल र आफ्नो गजल रहेको दार्जिलिङका संगीतकार जीवनप्रकाश प्रधानको एकल संगीतमा 'मतला' एल्बम ल्याइने पनि बताए । प्रभाती किरणले स्वागत गरेको कार्यक्रमको सहजीकरण ज्ञानु विद्रोहीले गरेका थिए ।


## Malaysia मा Free Visa ! Free Ticket ! Free Recruitment ! (Zero Cost) शुन्य लागतमा रोजगारको अवसर

**Press Metal Bintulu Sdn. Bhd.**

पुन: विज्ञापन, पूर्व स्वीकृती मिति: २०८०/१०/०४ चलानी नं. ६०२१३२२७ LT No. : 298170

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Production Operator | 1 | 0 | काममा दक्ष | 1500 | ५२,५३५।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,५९६/- कामदार आफैले | रु. १,५००/- कामदार आफैले | रु. ७,००/- कामदार आफैले | नि:शुल्क |

प्रि- अन्तरवार्ता २०८२ पौष १ गते (16 Dec., 2025) र फाइनल अन्तरवार्ता २०८२ पौष २ गते (17 Dec., 2025) प्रा. लि. कार्यालय बौद्ध, काठमाडौंमा हुनेछ ।

**लाल धनुष ईन्टरनेशनल सर्भिस प्रा. लि.**
महांकाल, बौद्ध, काठमाडौं, फोन: ०१-५२१००५६
श्रम ईजाजत नं.: ५७६/०६२/६३

## युएईमा रोजगार

कम्पनी : **P M K CONTRACTING L.L.C.** शहर: UAE,DUBAI
पूर्व स्वीकृत मिति: २०८२/०४/२७ चलानी नं.: ६०२४८६६४ L.T.No.:328982

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Brick Mason | 24 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५८,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Concrete Mason | 19 | 0 | | 1500 | ५८,७४० | | | | | | | |
| 3. | Steel Fixer | 23 | 0 | | 1500 | ५८,७४० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुष ६ र ७ गते (21 & 22 December 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**ROTARY OVERSEAS PVT. LTD.**
Basundhara-3, Kathmandu, Tel : 5903872, 5903873, Mobile : 9818216982, 970-2026500, 9851035262, 9815066489, Email: info@rotaryoverseas.com, Web.: www.rotaryoverseas.com
Govt. Lic. No. 562/062/063

## कतारमा रोजगार

कम्पनी : **VANILLA FOR HOSPITALITY AND GENERAL CLEANING** शहर: DOHA
पूर्व स्वीकृत मिति: २०८२/०५/०५ चलानी नं.: ६०२४३६२४ LT. No.: 329845 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 0 | 8 | सम्बन्धित काममा दक्ष | 1000 | ३९,४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Dry Clean Worker | 0 | 2 | | 1000 | ३९,४७० | | | | | | | |
| 3. | Ordinary Labour | 0 | 2 | | 1000 | ३९,४७० | | | | | | | |

